जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

शुभकामना
मकरसंक्रान्ति (तिलासंक्रान्ति) को सुखद अवसरमा सम्पूर्ण पाठक, दर्शक, श्रोताहरुमा असीम शुभकामना ।
जनकपुर टुडे राष्ट्रिय दैनिक, रेडियो टुडे ९१ मेगाहर्ज, टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

वर्ष २५ •अंक २२८ • २०८० साल माघ १ गते सोमबार (15 January, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपाले सर्कुलर पठाए

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालले केन्द्रीय समिति बैठकका निर्णयहरुलाई कार्यान्वयन गराउन मातहतको निकायहरुमा सर्कुलर गरेको छ ।

पार्टीले महाधिवेशनको कार्यतालिकासहितको आन्तरिक सर्कुलर मातहतका समितिलाई आइतवार जारी गरेको छ । सर्कुलर अनुसार मधेश प्रदेश अन्तर्गतका राजनीतिक समितिका सदस्यहरुको बैठक माघ ६ गते बिहान ११ बजे पार्टी प्रदेश कार्यालय जनकपुरधाममा बोलाइएको छ । सांगठनिक तथा राजनीतिक विषयमा छलफल गर्न सो बैठक बोलाइएको बताइएको छ ।

माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि गठबन्धन दलका उम्मेदवारहरुलाई विजयी गराउन सबैले भूमिका निर्वाह गर्ने र जसपा, नेपालको मतदाता, मतभार रहेका कोशी प्रदेश, मधेश प्रदेश, लुम्बिनी प्रदेश लगायत सबै प्रदेश र अन्तर्गत जिल्लाहरुमा समेत गठबन्धनमा रहेका दलहरु संलग्न राष्ट्रिय सभा सदस्य निर्वाचन समन्वय समिति गठन गरी परिचालन गर्ने निर्णयको सर्कुलर गरिएको छ ।

# ब्याज घटाउन माग गर्दै व्यवसायीहरु धर्नामा

**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिकमन्दीका कारण व्यवसाय चौपट रहेको अवस्थामा वित्तीय संस्थाहरुले जथाभावीरुपमा तनाव दिने गरेको भन्दै व्यापारीहरुले नेपाल राष्ट्र बैंक मधेश प्रदेश कार्यालय घेराउ गरेका छन् ।

पीडित उद्योगी तथा व्यवसायीहरुले वित्तीय संस्थाको विरोध गर्दै नेपाल राष्ट्र बैंक अगाडि विभिन्न माग राख्दै प्रदर्शन गरेका छन् ।



पीडित उद्योगी व्यवसायी संघर्ष समितिले गरेको प्रदर्शनको क्रममा वित्तीय संस्थाले चर्को ब्याज लिने गरेको र ऋणका लागि राखिएको धितोसमेत लिलामी गरिदिने धम्कीबाट तनावमा रहनु पर्ने भन्दै समस्या समाधानका लागि धर्ना दिएको बताए ।

व्यवसायीहरु मर्कामा परेकाले मनपरीरुपमा लिने गरेको चर्को ब्याज कम गर्नुपर्ने, सावा मिन्हा गर्नुपर्ने, व्यवसायीहरुले लिएको ऋणको लागि बैंकमा रहेको धितो लिलामी नगर्न र मुलुकको आर्थिक अवस्था माथि उकासेर देशलाई जोगाउनुपर्ने माग गर्दै बैंक अगाडि १२ बजेदेखि १ घण्टासम्म धर्ना दिएका थिए ।

पीडित उद्योगी व्यवसायी संघर्ष समितिका संयोजक सुधिर पजियारले आर्थिकमन्दीबाट मुलुक गुज्रिरहेको अवस्थामा यहाँका व्यापारीहरुसमेत अछुतो नरहेकाले राज्यले जायज समस्याको समाधान गर्नुपर्नेमा जोड दिए ।

बैंकले निर्धारण गरेको ब्याजलाई दश प्रतिशतभन्दा कम गर्नुपर्ने, कालोसूचीबाट व्यवसायी सम्बद्ध संस्थाहरुलाई हटाउनुपर्ने, व्यवसाय गर्ने वातावरण बनाउनुपर्ने, व्यवसायप्रति राज्य गम्भीर हुनुपर्ने, बैंकमा रहेको धितो लिलामी प्रक्रिया फिर्ता लिनुपर्ने, ब्याजको सावा मिन्हा गर्नुपर्नेलगायतका माग रहेको संयोजक पजियारले बताए ।

आर्थिकमन्दीको बेलामा वित्तीय संस्थाहरुले ब्याज, सावाँलगायत भुक्तानीका लागि दिनहुँ फोन गरेर तनाव सृजना गरी आत्महत्या गर्न बाध्य बनाउन लागेको आरोप उनले लगाए ।

### एमालेको टार्गेटमा ढुङ्गाना

# राष्ट्रिय सभा सदस्य पदका लागि मतदातालाई आर्थिक प्रलोभन


**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा रिक्त रहेको राष्ट्रिय सभाको दुई सदस्य पदका लागि भइरहेको चुनावमा मतदातालाई प्रभावित गर्न आर्थिक प्रलोभन दिन थालिएको छ ।

मधेश प्रदेशबाट कांग्रेसले अन्य कोटामा आनन्दप्रसाद ढुङ्गानालाई उम्मेदवार बनाएदेखि नै सत्ता गठबन्धनमा केही नेताहरुले असन्तुष्टि व्यक्त गरेका थिए । गठबन्धनमा देखिएको असन्तुष्टिबाट लाभ लिन नेकपा एमाले विभिन्न रणनीतिमा काम गरिरहेको बताइन्छ ।



आनन्द प्रसाद ढुंगाना



विजयेता झा

एमालेले विजयेता झालाई उम्मेदवार बनाएको छ । झा पनि अन्य कोटाबाट उम्मेदवारी दिएकी छन् । मधेश प्रदेशमा एमालेसित सर्वाधिक मतभार रहेको छ । एमालेका उम्मेदवार राजनीतिक रुपमा बढी चर्चित नरहे पनि मधेशी महिला भएकीले सत्ता गठबन्धनको असन्तुष्ट पक्षको मत तान्न सक्ने आकलन गरिदैछ ।

जनमत पार्टीले पनि अन्य कोटामा रामशंकर महासेठलाई उम्मेदवार बनाएको छ । जनमत पार्टीसित रहेको मतभार सत्तासिन गठबन्धनका उम्मेदवार ढुङ्गानालाई नजाने निश्चित नै छ । गठबन्धनबाट महिला सदस्य पदका लागि जनता समाजवादी पार्टी(जसपा)की पुजा चौधरी उम्मेदवारी दिएकी छन् । उनी बिरुद्ध एमालेले पनि थारु जातिकै उषा देवी थरुनीलाई उम्मेदवार बनाएको छ । दुबै एकै जातिका रहेको र महिला भएकाले मत बाँडफाँटको संभावना कमजोर रहेको बताइन्छ ।

महिला सदस्यमा एमालेले सामान्य रुपमा प्रचार प्रसार गरिरहे पनि अन्य कोटामा विजयेता झाको पक्षमा सशक्त रुपमा काम गरिरहेका बताइन्छ। एमालेका एकजना नेताका अनुसार गठबन्धनका उम्मेदवार र एमालेका उम्मेदवारबीच मतभारको फरक धेरै देखिए पनि परिणाम अप्रत्याशित हुन सक्छ ।

माघ ११ गते सबै प्रदेशमा राष्ट्रिय सभा सदस्य पदका लागि मतदान हुनेछ । निर्वाचन आयोगले आचारसंहिता पनि आइतवार जारी गरेको छ ।

केन्द्र र प्रदेशको सरकारमा सहभागी जनमत पार्टीले उठाएको उम्मेदवारलाई फिर्ता गराउन प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले आइतवार गरेको प्रयास सफल हुन सकेन् । प्रधानमन्त्री प्रचण्ड र जनमत पार्टीका अध्यक्ष सी के राउतबीच भएको छलफलमा उम्मेदवारी फिर्ता लिन नसक्ने राउतले प्रष्ट गरेको बताइएको छ ।

गठबन्धनका उम्मेदवारबिरुद्ध राउतले उपराष्ट्रपति र बारा जिल्लाको उपचुनावमा पनि उम्मेदवार उठाएका थिए । गठबन्धनमा रहेर पनि चुनावमा अलगै उम्मेदवार उठाउने राउतबिरुद्ध जसपा, नेकपा र नेपाली कांग्रेसले बिरोध जनाएको बताइएको छ ।

एमालेका नेताहरुका अनुसार अन्तिम समयमा जनमत पार्टीसित तालमेल हुनसक्ने सम्भावना बढन थालेको छ । सत्तागठबन्धनका असन्तुष्टहरुको मतलाई तान्न हरसम्भव प्रयास भइरहेको ती नेताले जनाए ।

मधेश प्रदेशमा कांग्रेसको १ हजार ९ सय ५३, माओवादीको ७ सय ५, लोसपाको ९ सय ३५, नेकपा एसको ४ सय २४, जसपाको १ हजार ८ सय ४३ ,एमालेको २ हजार ३ सय ५७, नागरिक उन्मुक्ति पार्टीको ५३ र जनमत पार्टीको ७ सय ४६ मतभार रहेको छ । प्रदेश सभासदस्यको मतभार ५३ र स्थानीय तहका प्रमुख/अध्यक्ष,, उपप्रमुख/उपाध्यक्षको मतभार १९ रहेको छ ।






# सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न आदेश

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय सूचना आयोगले विश्वविद्यालय एवं बैङ्क तथा वित्तीय संस्थाका शाखा/प्रशाखा र बागमती प्रदेशका सार्वजनिक निकायहरूलाई सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न आदेश दिएको छ।

आयोगको आइतबार बसेको बैठकले संवैधानिक व्यवस्थाबमोजिम सूचनाको हक कार्यान्वयन नगर्ने त्रिभुवन विश्वविद्यालयसहित मुलुकका १६ विश्वविद्यालय र तीअन्तर्गतका सङ्काय, विभाग, निकायसहित सम्बन्धन प्राप्त क्याम्पसहरूलाई समेत सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न आदेश दिएको हो।

यसैगरी, बागमती प्रदेशअन्तर्गतका केही सार्वजनिक निकायले अझैसम्म सूचना अधिकारी नतोकेको र नियमानुसार स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको तथा बैङ्क एवं वित्तीय संस्थाका शाखा/प्रशाखाहरूले समेत सूचना हकसम्बन्धी व्यवस्था उल्लङ्घन गरेको भन्ने विषयलाई गम्भीरतका साथ लिएको स्पष्ट गर्दै आयोगले त्यसतर्फ सम्बन्धित पक्षको ध्यानाकर्षण गरको छ।




नेपालको संविधानको धारा, २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख भएको व्यवस्था र त्यही व्यवस्था कार्यान्वयन गर्न ल्याइएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्नु प्रत्येक सार्वजनिक निकायको दायित्व हुने आयोगले स्मरण गराएको छ।

साथै आयोगले सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न/गराउन विश्वविद्यालय, बैङ्क तथा वित्तीय संस्थाका शाखा/प्रशाखा र बागमती प्रदेशअन्तर्गतका निकायहरूलाई आदेश दिएको आयोगद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

# बालबालिकाकालागि खेलकुद अपरिहार्य : मन्त्री यादव

**टुडे समाचारदाता**

राजविराज। मधेश प्रदेशका शिक्षा एवं संस्कृति मन्त्री महेश प्रसाद यादवले सवल भौतिक पूर्वाधार, निरन्तर घरेलु प्रतियोगिता र यसको चुस्त सञ्चालनको संयोजनले मात्र नेपाली खेलकुदलाई दिगो उपलब्धि प्राप्त हुन सक्ने बताएका छन्।

बालबाबालिकाको खेल विकासका लागि अखिल नेपाल फुटवल संघ (एन्फा) र एएफसी ड्रिम एशिया फाउन्डेशनको सहयोग तथा जिल्ला फुटवल संघ सप्तरीको समन्वयमा राजरंगशालमा सञ्चालित सात दिने फुटवल क्लिनिकको आइतबार समापन समापन समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका छन्। उनले खेलकुदको वर्तमान अवस्थाको वास्तविकतालाई सबै सरोकारवालाले बुझेर अघि बढ्नु पर्ने सुझाव समेत दिएका छन्।

"बृहत योजना सहित खेलकुदको विकासका लागि ठोस संरचना अगाडि ल्याइहाल्नु पर्छ, उनले भने-'यसका लागि गाउँ गाउँमा खेलकुदको पूर्वाधार निर्माण कार्यलाई प्राथमिकतामा राख्नु पर्छ।'

उनले राष्ट्रका लागि चाहिने राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडी उत्पादनका लागि यस्ता कार्यक्रमले निकै मद्दत पुऱ्याउने बताउदै प्रदेश सरकारले यस्ता कार्यक्रमहरुलाई प्रोत्सहन गर्नुका साथै खेल पूर्वाधार निर्माणलाई मुख्य गरी प्राथमिकतामा राखेको जनाए। मन्त्री यादवले वर्तमान प्रदेश सरकारले नगरमा मात्र होइन गाउँ गाउँमा समेत खेलको विकास गर्ने उद्देश्यले विभिन्न योजना अघि सारेको जानकारी समेत दिए।



बालबालिकालाई प्रशिक्षण दिइ राम्रा प्रतिभाको उत्पादन तथा उनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने उद्देश्यले गत सोमवार देखि राजविराजको राजरंगशालामा उक्त क्लिनिक संचालन गरिएको थियो।

कार्यक्रममा जिल्लाको विभिन्न विद्यालयका पिछडिएका समुदायको ६ देखि १३ वर्ष सम्मका बालबालिकाको सहभागिता रहेको थियो। उक्त प्रशिक्षण कार्यक्रममा ४० जना बालक र ४० जना बालिका गरी कुल ८० जनाको सहभागिता रहेको जिल्ला फुटवल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारले जानकारी दिए।

एन्फा फुटवल क्लिनिक चिल्ड्रेन नाम दिइएको उक्त परियोजना एएफसी ड्रिम एशिया फाउन्डेशन र अखिल नेपाल फुटवल संघ (एन्फा) को सहयोग तथा जिल्ला फुटवल संघको समन्वयमा संचालनमा ल्याइएको एन्फाको ग्रासरुट विभाग प्रमुख पंकज बहादुर शाहीले जानकारी गराएका थिए।

सामाजिक उत्तरदायित्व अन्तर्गत सप्तरीमा पहिलो पटक यस्तो कार्यक्रमको आयोजना गरिएको र उक्त परियोजनमा सहभागी बालबालिकाहरुलाई खेलकुद सामग्री संगै शैक्षिक सामग्री समेत एन्फाले उपलब्ध गराएको जिल्ला फुटवल संघ सप्तरीले जनाएको छ।

# सतर्कता केन्द्रले निजी क्षेत्रलाई पनि अनुगमन गर्नेगरी विधेयक मस्यौदा

काठमाण्डु । निजी क्षेत्रका कम्पनी, फर्म, एजेन्सी, सङ्घ-सङ्गठन, गुठी तथा आम उपयोगी सेवासमेतको अनुगमनलाई राष्ट्रिय सतकर्ता केन्द्रको अधिकार क्षेत्रभित्र राख्ने गरी विधेयकको मस्यौदा तयार पारिएको छ।

नेपाल कानुन आयोगले तयार पारेको 'राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' को मस्यौदामा यो विषय समेटिएको हो।

आयोगले विधेयकको मस्यौदामाथि आइतबार सरोकारवाला निकायसँग अन्तरक्रिया गर्दै सुझाव लिएको छ। सार्वजनिक निकाय र सार्वजनिक पदमा आसीन व्यक्तिले आफ्नो अधिकार र जिम्मेवारीअन्तर्गतका काम कारबाही सम्पादन गर्दा अनुचित कार्य र अनियमितता हुन नदिन आवश्यक सूचना सङ्कलन, आकस्मिक जाँच तथा निगरानीलगायतका काम राष्ट्रिय सतर्कता केन्द्रले गर्दै आएको छ। त्यस्तै, आयोजनाको विकास, निर्माण र सञ्चालनका सम्बन्धमा गुणस्तर परीक्षण र अनुगमनको काम पनि केन्द्रले गर्दै आएको छ। नयाँ बनेको विधेयकको मस्यौदामा निजी क्षेत्र र आम उपयोगी सेवा क्षेत्रको अनुगमनलाई पनि सतर्कता केन्द्रको कार्यक्षेत्रभित्र राख्ने प्रस्ताव गरिएको छ।

"निरीक्षण र अनुगमन गर्दा अनियमितता गरेको वा उपभोक्तालाई अनावश्यक दुःख, हैरानी दिएको वा स्वीकृत मापदण्ड बमोजिम सेवा उपलब्ध नगराएको पाइएमा सतर्कता केन्द्रले त्यस्तो निजी संस्थाउपर आवश्यक र उचित कानूनी कारबाही गर्न सम्बन्धित नियामक निकायलाई लेखी पठाउन सक्नेछ", भनी उल्लेख छ। आम उपयोगी सेवाका रुपमा खानेपानी, ग्यास, विद्युत्, टेलिफोन, इन्टरनेट, टेलिभिजन फ्रिक्वेन्सीलगायतका क्षेत्रलाई पनि सतर्कता केन्द्रले अनुगमन गर्नसक्नेगरी विधेयकको मस्यौदा बनाइएको छ। यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजी क्षेत्रलाई अनुगमन गर्नसक्ने व्यवस्थासहित विधेयक तयार भएकोमा निजी क्षेत्रका छाता संस्थाहरुले चर्को विरोध जनाएका थिए।

नेपाल कानुन आयोगका अध्यक्ष जागेश्वर सुवेदीले सतर्कता केन्द्र उच्चस्तरीय निकाय भए पनि काम, कर्तव्यमा स्पष्ट नहुँदा कार्य सञ्चालनमा कठिनाइ भइरहेको अवस्थामा यो कानुन निर्माण गर्न लागिएको बताए। हाल विधेयक मस्यौदा निर्माणकै क्रममा रहेकाले विभिन्न क्षेत्रसँग थप छलफल गरेर परिस्कृत गर्दै लैजाने बताए। सतर्कता केन्द्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम कारबाहीसँग दोहोरोपन नहुने गरी कानुन बनाउन आवश्यक रहेको पनि उनको भनाइ छ।

आयोगका उपाध्यक्ष प्रा डा लक्ष्मीप्रसाद मैनालीले नेपालको संविधानले सुशासन कायम गर्ने विषयलाई प्रस्तावनामा राखेको तथा सुशासन कायम गर्न विभिन्न कानुनी र

> **विधेयक मस्यौदामा प्रधानमन्त्रीको अध्यक्षतामा सतर्कता परिषद् निर्माण गर्ने प्रस्ताव गरिएकोमा यस्ता परिषद्को स । कार्यकारी अधिकारसहितको छानबिन तथा अनुसन्धान समिति बनाइनुपर्ने सुझाव आएको छ। विधेयकले सार्वजनिक पदाधिकारीको परिभाषालाई थप स्पष्ट बनाइनुपर्ने पनि सुझाव सहभागीले दिएका छन्।**

संरचनागत संयन्त्र बनेको भएपनि त्यसको प्रभावकारिता देखिन नसकेको बताए। सतर्कता केन्द्रलाई बढी अधिकार सम्पन्न, जिम्मेवार तथा अधिकार क्षेत्रको स्पष्टता कायम गर्नका लागि यो विधेयक आवश्यक रहेको उनको भनाइ छ। आयोगले यसअघि पनि विधेयकको मस्यौदा बनाएर सरकारलाई दिएकोमा त्यो संसदमा जान नसकेको उनको भनाइ छ।

राष्ट्रिय सतर्कता केन्द्रका सचिव रामआधार साहले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सतर्कता केन्द्रको काममा देखिएको दोहोरोपनको समाधान खोज्न यो कानुन आवश्यक रहेको बताए। त्यस्तै, निजी क्षेत्रलाई पनि सतर्कता केन्द्रको अधिकार क्षेत्रभित्र राख्ने हो भने वियेयकको प्रस्तावनामै यो विषय राख्नुपर्ने र विधिसम्मत तरिकाले निकास खोज्नुपर्ने उनको भनाइ छ। धेरै संस्थाबाट एउटै काम गर्नेभन्दा पनि एउटै संस्थाले धेरै काम गर्नुपर्ने धारणा उनले राखे।

नेपाल कानुन आयोगका सचिव तोयानाथ अधिकारीले सरकारी कामकाज मात्र नभएर निजी क्षेत्रलाई पनि नियमन, अनुगमन गर्नेगरी सतर्कता केन्द्रको विधेयकको मस्यौदा तयार पारिएको उल्लेख गर्दै निजी क्षेत्रले धेरै वटा निकायबाट भन्दा पनि एउटै निकायबाट नियमन र अनुगमनको काम होस् भन्ने चाहेको बताए। निजी क्षेत्र नियमनको दायराबाट बाहिर बस्न नचाहे पनि धेरैवटा निकायबाट नियमन नहोस् भन्ने पक्षमा रहेको उनको भनाइ छ।

अख्तियारलगायत अरु निकायसँग सतर्कता केन्द्रको अधिकार र कार्यक्षेत्रको दोहोरोपना हुन नदिन सहकार्य र समन्वय आवश्यक पर्ने उनको भनाइ छ। मस्यौदामाथि विभिन्न क्षेत्रबाट सुझाव समेटेर नीतिगत रुपमा कसरी जाने भनेर थप परिस्कृत बनाउने पनि उनको भनाइ छ।

अन्तरक्रियामा सहभागीले सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकारमा पुनःविचार गरिनुपर्ने सुझाव दिएका छन्। सरकारी निकायका कर्मचारीलाई मात्र नभई राजनीतिक व्यक्तिहरु, सांसद, मन्त्रीलगायतको कामको अनुगमन पनि गर्नसक्ने गरी सतर्कता केन्द्रको जिम्मेवारी तोकिनुपर्ने सुझाव दिएका छन्। राजनीतिक दल र नेताले गरेको अनुचित कार्यको विषय पनि समेट्नुपर्ने सुझाव आएको छ।

विधेयक मस्यौदामा प्रधानमन्त्रीको अध्यक्षतामा सतर्कता परिषद् निर्माण गर्ने प्रस्ताव गरिएकोमा यस्ता परिषद्को सट्टा कार्यकारी अधिकारसहितको छानबिन तथा अनुसन्धान समिति बनाइनुपर्ने सुझाव आएको छ। विधेयकले सार्वजनिक पदाधिकारीको परिभाषालाई थप स्पष्ट बनाइनुपर्ने पनि सुझाव सहभागीले दिएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सतर्कता केन्द्रको क्षेत्राधिकार स्पष्ट पारिनुपर्ने, निजी क्षेत्रमा हुने भ्रष्ट्राचारलाई सतर्कता केन्द्रले हेर्न मिल्ने वा नमिल्ने भन्नेबारे थप स्पष्टता खोजिनुपर्ने, बेनामे उजुरीका सन्दर्भमा थप स्पष्ट व्यवस्था ल्याइनुपर्नेलगायतका सुझाव आएका छन्। त्यस्तै, सतर्कता केन्द्रले तीनवटै तहका सरकार र मातहतका निकायको अनुगमन तथा नियमन गर्न पर्ने/नपर्ने र सक्ने/नसक्नेबारे पनि स्पष्टता खोजिनुपर्ने सुझाव जानकारले दिएका छन्।रासस

# भन्सार छलेर ल्याएको अवैध रक्सी नियन्त्रणमा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा अबैध भन्सार छली चोरी पैठारी गरी ल्याउँदै गरेको मदिरा प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्लाको मनरासिस्वा नगरपालिका वडा नम्बर ५ स्थित दशगजा क्षेत्रतर्फ अबैध रुपमा भन्सार छली चोरी पैठारी गरि पाँच कार्टुन सोफी रक्सी ल्याउँदै गरेको अवस्थामा ईलाका प्रहरी कार्यालय कटिकटैयाले नियन्त्रणमा लिएको हो।

इप्रका कटिकटैयाबाट खटेको प्रहरी टोलीलाई देख्ना साथ दश हजार रुपैयाँ बराबरको सोफी रक्सी छाडी फरार भएपछि सो रक्सी प्रहरीले नियन्त्रणमा लिएको महोत्तरी प्रहरीका प्रहरी निरीक्षक दिलीप कुमार गिरीले जानकारी दिए।

उनले नियन्त्रणमा रहेको रक्सीसहितको कारबाही तथा अनुसन्धानका लागि जलेश्व स्थित भन्सार कार्यालय मलिवारा पठाइएको बताए।

# मानव र जनावरबीचको समस्या मिलेर हल गर्नुपर्नेमा रक्षामन्त्रीको जोड

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले बर्दियामा मानव र जनावरबीचको द्वन्द्व समाधानका लागि स्थानीय समुदाय र तीनवटै तहका सरकार मिलेर हल गर्नुपर्नेमा जोड दिएका छन्।

आइतबार बाँसगढी औद्योगिक व्यापार मेलाको उद्धाटनका अवसरमा उनले निकुञ्ज क्षेत्रको विकाससँगै यस क्षेत्रमा वर्षेनी वन्यजन्तुको वृद्धि भएको र जङ्गली पशुपन्छीहरू उचित बासस्थान तथा आहारको खोजीमा निकुञ्ज क्षेत्र बाहिर निस्कँदा मानवीय क्षति हुने र बालीनालीमा समेत क्षति पुग्न गएको यो समस्याको समाधानका लागि सङ्घीय सरकार गम्भीर रहेको बताउनुभएको उनको सचिवालयले जनाएको छ।

उपप्रधानमन्त्री खड्काले लुम्बिनी प्रदेशको अन्न भण्डारका रूपमा रहेको बर्दियामा सिँचाइ आयोजनालगायतका राष्ट्रिय गौरवका आयोजना निर्माण शीघ्र सम्पन्न गरी कृषि क्षेत्रमा आमूल परिवर्तन ल्याउनुपर्नेमा जोड दिए। यसका लागि सरकारले आवश्यक सहयोग उपलब्ध गराउने उनको भनाइ थियो।

उपप्रधानमन्त्री खड्काले रासायनिक मलको अभाव, कृषियोग्य जमीनमा सिँचाइको अपर्याप्तता, कृषकहरूलाई उचित तालिम र प्रशिक्षणको अभाव, कृषिमा आधुनिक प्रविधि र पद्धतिको प्रयोग आवश्यक मात्रामा गर्न नसक्दा यहाँको कृषि क्षेत्रबाट जति मात्रामा फाइदा लिन सकिने हो त्यो लिनसकिएको बताउदै प्रदेश र स्थानीय तहले कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा मद्दत पुग्ने गरी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक रहेकोमा जोड दिए।

"म यहाँका धेरै सम्भावना र समस्याबारे परिचित छु। खासगरी खुला सीमा नाकाका कारण यहाँ विभिन्न किसिमका घुसपैठ भई समय समयमा विभिन्न किसिमका अपराधका घटना घट्ने तथा लुकीछिपी हुने चोरी निकासी पैठारीले स्थानीय तहमा स्वच्छ व्यापारलाई फस्टाउनमा व्यवधान सिर्जना गरिरहेका छन्", उपप्रधानमन्त्री खड्काले भने, "यसलाई हामी सबैले मिलेर नियन्त्रण गर्न जरुरी छ।"

उनले मुलुकको अर्थतन्त्र सुधार र समाधानका लागि सरकारले प्रयास गरिरहेको र त्यसैका कारण अर्थतन्त्रमा सुधार देखिन थालेको भन्दै उद्योगी व्यवसायीलाई निराश नहुन आग्रह गरे। आइतबारदेखि सुरु हुन लागेको महोत्सवले यस क्षेत्रको धार्मिक एवम् पर्यटकीय क्षेत्रको प्रचारप्रसार गरी आन्तरिक एवम् बाह्य पर्यटनको विकास गरी पर्यटन उद्योगलाई प्रवर्द्धनमा सहयोग पुग्नेमा उनले विश्वास व्यक्त गरे। साथै स्थानीय तहमा सञ्चालित घरबासलाई थप व्यवस्थित गर्न समेत यसले उत्प्रेरित गर्ने उनको भनाइ छ।

"यस औद्योगिक तथा व्यापार मेलाले यस क्षेत्रको आर्थिक रुपान्तरणमा सकारात्मक योगदान पुग्नेमा कुनै शङ्का छैन। मेलाले स्थानीय कृषक, उद्यमी, व्यवसायी, कलाकारहरू सबैलाई एकै ठाउँमा जुटाई आफ्नो उत्पादन र सिर्जनाहरू व्यवस्थित तवरले प्रस्तुत गर्न, एक आपसमा ज्ञान तथा अनुभवको आदान प्रदान गर्न र सहकार्यका क्षेत्रहरू पहिल्याउन ठूलो सहयोग पुऱ्याउने कुरामा म विश्वस्त छु", उनले भने।

यस्तै सरकारले आम नागरिकलाई सुशासनको अनुभुति हुने र दैनिक राहत महसुस गर्ने गरी काम गरिरहेको बताए।

## मोटरसाईकल दुर्घटनाबाट मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको गौशालामामोटरसाईकलदुर्घटनामा परि एकको मृत्यु भएको छ।

जिल्लाको गौशाला नगरपालिका वडा नम्बर ९ स्थित ईमली बजारबाट डुमरबाना तर्फ जाँदै गरेको ज १२ प ६९२ नम्बरको मोटरसाईकल आफै अनियन्त्रित भएर पल्टिदाँ मोटरसाईकल चालक ४५ वर्षिय शिवनाथ ठाकुरको उपचारको क्रममा मृत्यु भएको महोत्तरी प्रहरीका प्रहरी निरीक्षक दिलीप कुमार गिरीले जानकारी दिए।

अनियन्त्रित भएपछि ठाकुरको शरीरको विभिन्न भागमा चोटपटक लागेपछि तत्काल उनको उपचारका लागि काठमाण्डु स्थित टिचिङ्ग अस्पतालमा लगिएको थियो। तर उनको अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि भारत तर्फ रिफर गरिएको थियो। सो क्रममा घाइते ठाकुरको बाटोमा नै मृत्यु भएको उनले बताए।

यता दुर्घटनाग्रस्त मोटरसाईकल भने इलाका प्रहरी कार्यालय गौशालामा राखेर थप अनुसन्धान भइरहेको महोत्तरी प्रहरीले जनाएको छ।

## विमालेख हरायो

मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्योरेन्स कं. लिमिटेड को विमालेख मिति २०८०/०६/०९ गते घरबाट जलेश्वर जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको मोबाइल अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम: पंकज कुमार साह**
**विमालेख नं.:१७०००९२५८**
**ठेगाना: जि.म.साविक एकरहिया गा.वि.स.-२**
**मो.नं.९८०७८७३६२३**

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : धन वृद्धि सञ्चय। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : वाद विवादबाट बच्नु। |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : शिक्षामा उन्नति। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



चिसो बढेपछि नेपालगञ्ज उपमहानगरपालिकाले चोकमा सामूहिक आगो ताप्ने व्यवस्थाका लागि नगर प्रहरीमार्फत स्थानीयलाई दाउरा वितरण गर्दै । *तस्बिर : रासस*

# नेपाल र चीन विश्वासिला विकासका साझेदार रहेको प्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल र चीन विश्वासिला विकासका साझेदार भएको बताएका छन् ।



चिनियाँ नयाँ वर्ष तथा वसन्तोत्सवका अवसरमा आइतबार आयोजित विशेष समारोहमा उनले शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलका सिद्धान्तका आधारमा दुई देशबीचको सम्बन्ध झाङ्गिँदै गएको बताए । प्रधानमन्त्रीले भने, "हामीले असल मित्रका रुपमा एकअर्काको संवेदनशीलतालाई नजिकबाट बुझेका छौँ । शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलका सिद्धान्तका आधारमा हाम्रो सम्बन्ध रहिआएको छ ।"

नेपाल एक चीन सिद्धान्तप्रति दृढ रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भने, "यस सम्बन्धमा हाम्रो प्रतिबद्धता स्पष्ट छ । आन्तरिक तथा बाह्य मामिलामा आएको बदलावबाट हाम्रो प्रतिबद्धता कुनै हालतमा प्रभावित हुँदैन ।" संस्कृति र परम्पराले हामी एकापसमा बाँधिएका छौँ भन्दै प्रधानमन्त्रीले संस्कृति र परम्पराले नै दुई देशबीचको जनस्तरको सम्बन्धलाई सुदृढ तुल्याउने बताए।

आफ्नो चीन भ्रमणका बेला जारी भएको संयुक्त वक्तव्य स्मरण गर्दै प्रधानमन्त्रीले भने, "ताइवान चीनकै अभिन्न अङ्ग हो । 'ताइवान स्वतन्त्रता'का सम्बन्धमा नेपालको प्रस्ट दृष्टिकोण छ। मेरो चीन भ्रमणका क्रममा जारी संयुक्त वक्तव्यमा यसलाई प्रस्ट पारिएको छ।"

चीनविरुद्ध नेपाली भूमि प्रयोग हुन नदिने स्पष्ट पार्दै प्रधानमन्त्रीले दुई देशको सभ्यता नदी र हिमशृंखलाले मात्र जोडिएका छैनन्, यसमा हाम्रा साझा संस्कृति र जनस्तरको सम्बन्ध पनि प्रमुख रहेका छन् भने ।

आफूले हालै गरेको चीनको औपचारिक भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी चीनफिङसँग भएको भेटवार्ताका क्रममा हाम्राबीचमा नेपाल-चीन सम्बन्धका विविध आयाममा छलफल भएको उनले स्मरण गरे ।

नेपालका लागि चीनका राजदूत छन् सङले चीन र नेपाल रणनीतिक साझेदार भएका बताउँदै 'बेल्ट एण्ड रोड इनिसिएटिभ' अन्तर्गत विकासमा साझेदारी गर्न चीन प्रतिबद्ध छ भने ।

# आफ्ना उम्मेदवारलाई जिताउन दलको अपिल



**टुडे समाचारदाता**

काठमाण्डु । सत्तासाझेदार दल आबद्ध राजनीतिक दलले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि तय भएका आफ्ना उम्मेदवारलाई विजयी बनाउन आह्वान गरेका छन् ।

सत्तासाझेदार दलकातर्फबाट आइतबार एक अपिल सार्वजनिक गर्दै राष्ट्रियसभाको निर्वाचनका लागि प्रस्तुत उम्मेदवार सबैका साझा भएको उल्लेख गरिएको छ । "नेपालको संविधानको रक्षा र लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरणका लागि हामीले यो राजनीतिक गठबन्धन निर्माण गरेका हौँ", अपिलमा अगाडि भनिएको छ, "देशमा दिगो शान्ति, सुशासन, विकास, समृद्धि र सामाजिक न्याया प्राप्त गर्ने हाम्रो साझा लक्ष्य हो ।"

अपिलमा 'देशको उन्नतिका लागि राजनीतिक स्थिरता पूर्वशर्त भएको स्पष्ट पार्दै लोकतान्त्रिक गणतान्त्रिक प्रणालीको सुदृढीकरण, राजनीतिक स्थिरता, दिगो शान्ति, सुशासन र समृद्धिका लागि गठबन्धन प्रतिबद्ध रहेको र निष्ठापूर्वक क्रियाशील रहने प्रतिज्ञा गर्दछौँ' उल्लेख गरिएको छ ।

निर्वाचनका क्रममा गठबन्धनलाई कमजोर गर्ने विभिन्न गतिविधि हुनसक्नेतर्फ सचेत गराउँदै अपिलमा भनिएको छ, "यो निर्वाचन गठबन्धनलाई अझ सङ्गठित र बलियो बनाउँदै देशमा राजनीतिक स्थायित्व थप सुनिश्चित गर्ने अवसर पनि हो । तसर्थ गठबन्धनका पक्षमा दृढतापूर्वक उभिन आवश्यक छ । हामी सम्पूर्ण मतदातालाई राष्ट्रियसभा निर्वाचनमा गठबन्धनका उम्मेदवारलाई मतदान गरी अत्यधिक मतले विजय गराउन अपिल गर्दछौँ ।"


सत्तासाझेदार दलका कृष्णप्रसाद सिटौला, चम्फादेवी कार्की, आनन्दप्रसाद ढुङ्गाना, पूजा चौधरी विष्णुदेवी पुडासैनी, जीतजङ्ग बस्नेत, श्रीकृष्णप्रसाद अधिकारी र घनश्याम रिजाललाई उम्मेदवार बनाएको छ । त्यसैगरी मनरुपा शर्मा, किरणबाबु श्रेष्ठ, पदमबहादुर परियार, विष्णुकुमारी सापकोटा, झक्कुप्रसाद सुवेदी, कृष्णबहादुर रोकाया, सावित्री मल्ल, विष्णुबहादुर विश्वकर्मा, रेणु चन्द, बलदेव बोहोरा र नारायणदत्त भट्टलाई उम्मेदवार बनाएको छ ।

सत्तासाझेदारकातर्फबाट प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले हस्ताक्षर गर्दै गठबन्धनका उम्मेदवारलाई विजयी गराउन आग्रह गरेका छन् ।

# स्क्रब टाइफसबाट चार जनाको मृत्यु

**टुडे समाचारदाता**

नारायणगढ । जिल्लाका विभिन्न अस्पतालमा उपचार गर्न ल्याइएका बिरामीमध्ये स्क्रब टाइफसबाट चार जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा एकजना चितवनका अन्य बाहिरी जिल्लाका रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।



कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीका अनुसार चालु आर्थिक वर्षमा तीन हजार दुई सय ५४ जनामा गरिएको परीक्षणमा एक सय ६३ जनामा उक्त सङ्क्रमण देखिएको थियो । सङ्क्रमितमध्ये चार जनाको मृत्यु भएको हो । ती सङ्क्रमितमध्ये ८८ जना चितवनकै र बाँकी अन्य जिल्लाका थिए।

गत आर्थिक वर्षमा जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका तीन हजार चार सय ८५ जनाको परीक्षणमा पाँच सय १९ जनामा उक्त सङ्क्रमण देखिएको थियो । सङ्क्रमित सबै उपचारपछि घर फर्किएका थिए ।

स्क्रब टाइफस ओरिएन्टा सुसुगामुसी नामको ब्याक्टेरियाबाट हुने सङ्क्रामक रोग हो। साधारणतया यो जीवाणुले मानिसलाई प्रत्यक्ष असर नपारी झाडीमा पाइने किर्ना (माइट्स) लाई सङ्क्रमण गर्छ । सोही सङ्क्रमित किर्ना मुसालगायत अन्य जनावरका शरीरमा बस्छन् । सङ्क्रमित किर्नाले टोकेको मुसा वा जनावर मानिसको सम्पर्कमा आएर शरीरमा टाँसिए वा टोकेमा स्क्रब टाइफस सर्ने गर्छ।

यो रोग लागेका मानिसमा उच्च ज्वरो आउने, आँखा रातो हुने, खोकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, पखालाले सताउने, श्वास फेर्न समस्या हुने, टाउको, जोर्नी तथा मांसपेशी दुख्ने, बिमिरा देखिने र टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने निरीक्षक केसीले बताए ।

यसैगरी गत साउनयता जिल्लामा एक्काइस हजार दुई सय ९८ जनामा गरिएको परीक्षणमा डेङ्गुबाट सङ्क्रमण हुनेको संख्या एक हजार छ सय १५ पुगेको छ। जिल्ला बाहिरका एक जनाको सोही रोगका कारण मृत्यु भएको उहाँले जानकारी दिए।

# यौनिक तथा लैङ्गिक अल्पसंख्यकद्वारा सर्वोच्चमा रिट

**टुडे समाचारदाता**

काठमाण्डु । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यका निकायमा आफूहरुलाई प्रतिनिधित्व गर्न पाउनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानुन मन्त्रालय, सङ्घीय संसद् र लोकसेवा आयोगलाई विपक्षी बनाई मायाको पहिचान नेपालका सचिव सुरेन्द्र पाण्डेसहित चारजनाले दायर गरेको रिट निवेदनमा संविधानले दिएको व्यवस्थाअनुसार राज्यका निकायका आफूहरुलाई प्रतिनिधित्व गर्नुनुपर्ने माग गरिएको छ।

नेपालको संविधानको धारा ४२ मा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यका निकायमा प्रतिनिधित्वको हक हुने व्यवस्था छ ।

निजामती सेवामा समावेश हुन पाउने व्यवस्थाका लागि कानुनमा संशोधन वा परिमार्जन वा थपघट गर्नका लागि परमादेश आदेश माग गर्दै रिटमा भनिएको छ, "लोकसेवा आयोगबाट भई आएका र हुने गरेका राज्यका विभिन्न निकायको निजामती सेवाको पदपूर्तिका लागि विज्ञापन प्रकाशनसम्बन्धी दरखास्त आह्वानले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको हकको सम्बोधन हुन सकेको छैन ।"

उक्त समुदायको अधिकारको हनन भई राज्यको रोजगारी प्राप्त गरी जीवन निर्वाह गर्ने, सम्मानपूर्ण जीवनयापन गर्न पाउने हकमा नै आघात पुगेको रिट निवेदनमा छ । उक्त समुदायको प्रतिनिधित्व गर्दै पहिलोपटक संविधानसभा सदस्य सुनिलबाबु पन्त भएका थिए। उक्त रिटमाथि आगामी माघ २ गते सुनुवाइ हुने भएको छ।

# वन क्षेत्रमा केन्द्रको हस्तक्षेप जारी रहेको गुनासो

**टुडे समाचारदाता**

काठमाण्डु। मुलुक सङ्घीयताको अभ्यास र कार्यान्वयनमा बढी रहँदा वन क्षेत्रमा भने स-साना विषयमा पनि केन्द्रकै हस्तक्षेप रहेको भनी गुनासो गरिएको छ।

राष्ट्रियसभा राष्ट्रिय सरोकार तथा समन्वय समितिको आइतबारको बैठकमा सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका महासङ्घका अध्यक्ष ठाकुर भण्डारीले वन क्षेत्रभित्रको सानो पोखरी पनि केन्द्रले हेर्ने हो भने स्थानीय तहको अधिकार के ? भनी प्रश्न गरे ।

अध्यक्ष ठाकुरले प्रदेश र स्थानीय तहलाई कुहिएर खेर गइरहेको काठपात र झ्याउसमेत सङ्कलन गर्न अनुमति दिने अधिकार नहुने हो भने हामीले कस्तो खाले सङ्घीयताको अभ्यास गर्न खोजेको हो भनी जिज्ञासा राखे । महाङ्सघका पदाधिकारीले वन क्षेत्रभित्र सेवा सञ्चालनका नाममा स्थानीय साना व्यवसायीको संरक्षणको साटो पहुँचवाला ठूला व्यवसायीलाई संरचना निर्माण गर्न दिइएको भनी आपत्ति प्रकट गरे। अध्यक्ष भण्डारीले सरकारले ल्याएको वनसम्बन्धी नियमावली संविधान र समुदायको मर्म एवं भावना विपरीत रहेको जिकिर गरे।

संस्थाका कानुनी सल्लाहकार दिलराज खनालले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका नाममा क्रसर उद्योग, होटल सञ्चालन र पानी प्रशोधनसमेतलाई अनुमति दिनु कानुनको दुरुपयोग भएको टिप्पणी गरे ।

सो अवसरमा उनीहरुले संविधान, जैविक विविधता महासन्धि र आधारभूत मानवअधिकार अनुकूल नभएको, वर्षौंदेखि कानुन तथा घोषणा अनुकूल हुने गरी संरक्षित क्षेत्रसम्बन्धी नयाँ कानुन तर्जुमा हुनुपर्ने माग हुँदैआएको बताए। त्यस अवसरमा ऐनमा भएका समुदायमैत्री व्यवस्था पनि समुदायले उपयोग गर्न नपाएको पक्षबारे समितिलाई जानकारी गराइयो ।

बैठकमा बागमति प्रदेशसभा सदस्य भारती पाठकले मुलुकले सङ्घीयताको अभ्यास गरेको आठ वर्ष पुगिसक्दासमेत प्रदेशलाई राज्यले अधिकारविहीन टापुका रुपमा हेरेकाले संरक्षणको अनुभूति नभएको प्रतिक्रिया दिए। उनले भने, "घाँसदाउरा काट्न, निगुरो टिप्न, झ्याउ, सेउवा र सोत्तर सङ्कलनमा महिला नै बढी वन जङ्गल जानु परेको र त्यहाँ उनीहरुलाई वन्यजन्तुको आक्रमणदेखि वन पालेसम्मको डर त्रासको जोखिम छ।"

समिति सदस्य सोनाम ग्याल्जेन शेर्पाले मुलुकका २२ हजार वनसम्बन्धी सङ्घ संस्थामध्ये १३ हजारभन्दा बढीको कार्यक्रम र कार्ययोजनाको समयावधि सकिएको जनाउँदै वन क्षेत्र कार्यरत सङ्घ संस्था, पदाधिकारी, जनप्रतिनिधि र जनताबीच समन्वय र सहकार्यको साटो प्रश्न, अविश्वास र आशङ्का मात्रै रहेको बताए।

जनताको सहभागिता बिना बनाइने कानुन र कार्यक्रम गुणस्तरीय र नतिजामुखी हुन नसक्ने जनाउँदै सदस्य शेर्पाले जारी भएको नयाँ नियमावली वन क्षेत्रको विकास, विस्तार, राष्ट्रयहित र जनताको पक्षमा नरहेकाले स्वीकार्य हुन नसकिने प्रतिक्रिया दिए । उनले सामुदायिक वनको निगरानी बढाउन आवश्यक रहेको बताउँदै उनले राज्य र जनताको हित हुने मध्यमार्गी नियमावलीको खाँचो औंल्याए।

त्यस अवसरमा सरोकारवालाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावलीमा माछा मार्न, च्याउ टिप्न नपाइनेजस्ता प्रावधानले स्थानीयलाई मर्का परेको जनाउँदै केवलकारसहितका सेवा र पर्यटकीय गतिविधि सञ्चालन गर्न सकिने जस्ता विभेद्कारी प्रावधान राखिएको भनी समितिको ध्यानाकर्षण गराए।

# निजी विद्यालयलाई सार्वजनिक गुठीमा रूपान्तरण गर्न माग

**टुडे समाचारदाता**

काठमाण्डु । विभिन्न राजनीतिक दल निकट विद्यार्थी सङ्गठनले संविधानमा व्यवस्था भएको निःशुल्क शिक्षाको हकलाई कार्यान्वयन गर्ने गरी विद्यालय शिक्षा विधेयक, २०८० पारित गर्न संसदीय समितिलाई ध्यानाकर्षण गराएका छन् ।



प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको आइतबारको बैठकमा सुझाव दिन आमन्त्रित विद्यार्थी सङ्गठनका प्रतिनिधिले निजी विद्यालयलाई निश्चित अवधि तोकेर सार्वजनिक शैक्षिक गुठीमा अनिवार्य रुपान्तरण गराउनुपर्ने माग गरेका हुन् ।

बैठकमा सहभागीले नेपाल शिक्षक महासङ्घसँग भएका अस्थायी र राहत शिक्षकलाई सीमित प्रतियोगिताबाट स्थायी गराउने सहमतिको विरोध गरेका छन् ।

नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी सङ्घका अध्यक्ष दुजाङ शेर्पाले विद्यार्थीलाई केन्द्रमा राखेर कानुन बन्नुपर्नेमा जोड दिँदै करार र अस्थायी शिक्षकलाई सीमित प्रतियोगिताबाट स्थायी गराउने सम्झौता मान्य नहुने बताए ।


अध्यक्ष शेर्पाले शिक्षकको नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट गरिनुपर्ने, विद्यालय तहमा अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षक दरबन्दी हुनुपर्ने, विद्यालय तहमा नैतिक शिक्षालाई अनिवार्य गर्नुपर्नेलगायत माग राखे । उनले राज्यकोषबाट तलब तथा सेवा सुविधा लिने सबैले सामुदायिक विद्यालयमा छोराछोरी पढाएर सामुदायिक विद्यालयको सुधारमा साथ दिनुपर्ने प्रस्ताव गरे ।

नेकपा (एमाले) निकट अनेरास्ववियुका अध्यक्ष समिक बडालले आफूहरुसँग छलफल नगरी विधेयक ल्याइएको जनाउँदै पाँचदेखि सात वर्षको अवधि दिएर निजी विद्यालयलाई सार्वजनिक शैक्षिक गुठीमा लाउनुपर्ने माग गरे ।

बैठकमा नेकपा (माओवादी केन्द्र) निकट अनेवास्ववियु (क्रान्तिकारी) का अध्यक्ष पञ्चा सिंहले संविधानको मौलिक हकलाई ध्यान नदिइ निजी विद्यालयको व्यापारिकरण र एकाधिकारलाई प्रोत्साहन हुने गरी विधेयक ल्याइएकामा असन्तुष्टि व्यक्त गरे । उनले शिक्षा व्यापार र नाफाको विषय नभइ सेवाको क्षेत्र भएकाले निजी विद्यालयलाई गुठीमा जाने व्यवस्था अनिवार्य गर्नुपर्ने बताए ।

नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुका अध्यक्ष आरती लामाले जनआन्दोलनको अग्रमोर्चामा रहेका विद्यार्थी सङ्गठनलाई शिक्षाका विधेयक तयार गर्दा विशेष ध्यान दिन आग्रह गर्दै निजी विद्यालयलाई पाँच वर्षभित्र गुठीमा लैजानुपर्ने बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी निकट राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्गठनका अध्यक्ष कमल बम, जनता समाजवादी पार्टी निकट समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रमेश यादव, नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकट विद्यार्थी सङ्गठनका अध्यक्ष प्रकाश शाहीले पनि विधेयकलाई विद्यार्थीमुखी बनाउन सुझाव दिएका थिए ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### विवरण ढाँटेकोमा कारबाही गर

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह श्रेष्ठले निर्वाचन आयोग लगायतका सरकारी निकाय र बैंक, वित्तीय संस्थाहरुमा विवरण ढाँटेका छन् । एकमात्र छोराका पिता श्रेष्ठले अर्की एकजना किशोरीलाई पिता भएर नागरिकता बनाएको तथ्य सार्वजनिक भइसकेको छ । किशोरीको पिता भएर नागरिकता बनाइदिएका सिंहले निर्वाचन आयोग, महानगरपालिका, बैंक, बित्तीय संस्थाहरुमा भरेको विवरणमा एकमात्र छोराको नाम उल्लेख गरेका छन् । मेयर सिंहलाई पिता बनाएर नागरिकता बनाएकी किशोरी अहिले विदेशमा छिन् । नेपालको कानुनमा झुठा विवरण भर्ने उपर कारबाहीको प्रावधान छ । नक्कली विवरण भरेर नागरिकता बनाउनेलाई फौजदारी अभियोगमा मुद्दा चलाइन्छ । मेयरको सिफारिसमा बनाइएको नागरिकताको विवरण गलत रहेको यथेष्ट प्रमाणहरु फेला परेका छन् । तर नागरिकताका लागि अनिवार्य रुपमा चाहिने कागजातहरु जिल्ला प्रशासन कार्यालयबाट गायब गरिएको छ । जिल्ला प्रशासन कार्यालयको नागरिकता फाँट र महानगरपालिकाको पञ्जिकरण शाखा, वडा कार्यालयको पञ्जिकरणमा रहेको जन्मदर्ता सम्बन्धी कागजातहरु गायब भएको बताइएको छ । नागरिकता छानबिनका लागि गठन गरिएको समितिले हाल सम्म कागजात नै फेला पार्न सकेको छैन् । पाँच दिन भित्र छानबिन गरी प्रतिवेदन पेश गर्न सहायक सीडीयोको संयोजकत्वमा गठित तीन सदस्यीय समितिले हाल सम्म प्रतिवेदन बुझाएको छैन् । कागजातहरु नै फेला नपरेको बताउँदै नागरिकता प्रकरण छानबिनको नाउँमा आलटाल गर्ने प्रयास भइरहेको आशंका बढन थालेको छ । निष्पक्ष छानबिन गरी सत्यतथ्य बाहिर ल्याउन विभिन्न राजनीतिक दलहरुले प्रमुख जिल्ला अधिकारीमाथि दबाब बढाइरहेका छन् । वीरगञ्जका अधिकांश राजनीतिक दलका नेता तथा प्रतिनिधिहरुले घटनाको निष्पक्ष अनुसन्धान नभए आन्दोलन थाल्ने धम्की समेत दिएका छन् । छानबिनका लागि वीरगञ्जमा प्रदर्शन पनि गरिएको छ। नागरिकता जस्तो संवेदनशील विषयमा जानाजान गरेको अपराधलाई ढोकछोप गर्नु दुर्भाग्यपूर्ण हो । मेयर सिंहले छोरी बनाएकी युवतीको आमाबारे अनेक चर्चा चलिरहेको छ । यस सम्बन्धमा मेयर र किशोरीकी आमाले मुख खोलेका छैनन् । किशोरीको नागरिकतामा पिताको नाम राजेशमान सिंह श्रेष्ठ उल्लेख रहेको छ । राजेशमानको नागरिकताको नम्बर र किशोरीको पिताको नागरिकताको नम्बर एउटै रहेकाले राजेशमान सिंह मेयर नै सनाखत गरेको प्रष्ट छ । नागरिकता सम्बन्धी विवरणलाई सुरक्षित राख्नु जिल्ला प्रशासन कार्यालयको प्रमुख दायित्व हो । जिप्रकाबाट कागजात हराउँदा अथवा कुनै प्रकारले नष्ट हुँदा त्यसको सम्पूर्ण जिम्मेवारी तत्कालीन कर्मचारीले लिनु पर्छ ।आीर्थक चलखेल भएर कागजात गायब गरिएको विषय गम्भीर छ ।चाँडो सत्यतथ्य सार्वजनिक गरी दोषी ठहरिए कारबाही गर्नुपर्छ ।

# पृथ्वीनारायणको दिव्योपदेशको प्रामाणिकता र सान्दर्भिकता कति ?

**प्रा. दिनेशराज पन्त**

वि.सं. १८०१ आश्विन १५ गते पृथ्वीनारायण शाहले नुवाकोटमा आक्रमण गरी विजय गरेर नेपाल एकीकरणको सुरुवात गरे । नुवाकोट त्यतिबेला कान्तिपुर राज्यअन्तर्गत थियो । नुवाकोट जितिसकेपछि त्यहीँ उनले राजधानी बनाएका थिए । विं सं. १८२५ आश्विन १३ गते कान्तिपुरमाथि विजय नभएसम्म राजधानी नुवाकोटमै रह्यो । पछि काठमाडौँमा राजधानी रहेता पनि वि.सं. १८३१ माघ १ गते पृथ्वीनारायणको मृत्यु नुवाकोटको देवीघाटमा हुन पुग्यो । यसैले नुवाकोटेहरू कतिले पृथ्वीनारायणको जन्मभूमि गोर्खा भएता पनि कर्मभूमि नुवाकोट हो भनेको पनि पाइन्छ । वास्तवमा यो कुरा सत्य पनि देखिन्छ ।

नुवाकोट जितिसकेपछि पृथ्वीनारायणलाई कान्तिपुर, भक्तपुर र पाटन जित्न करिब २५ वर्ष लागेको थियो । वि.सं १८२६ मार्ग १ गते भक्तपुर विजय गरेको केही सालपछि उनी पश्चिमतिरको अभियानमा लागे । सुरुमा केही सफलता प्राप्त भएता पनि निकै नोक्सान सही गोर्खालीहरु त्यहाँबाट धपिन बाध्य भए । त्यसपछि उनी पूर्वको अभियानमा लागे, अपेक्षाकृत सजिलैसँग टिष्टासम्म पृथ्वीनारायणको राज्य पुग्यो । पश्चिममा चेपेसम्म उनका पुर्खा द्रव्य शाहले पहिले नै जितिसकेका थिए । ५२ वर्षको उमेरमा पश्चिमपट्टिको अभियान गर्न भनेर नुवाकोटमा पुगेका बेला पृथ्वीनारायण अकस्मात बिरामी भए ।

तात्कालिक पर्वतका राजाले लेखेको चिठीले पनि यो कुरा पुष्टि गर्छ । उनले लेखेका छन्, ‘ गोर्खाका राजा हामीमाथि दागा राखी हामीलाई हेल्न भनी नुवाकोटसम्म आइपुग्या थिया । भगवत इच्छा त आफैँ हेलिया ।’ यसरी पृथ्वीनारायण शाहको उपदेशमा आएका विषयले तात्कालीक परिवेश बोल्छन् र यो प्रामाणिक हो भन्ने पुष्टि गर्छन् ।

बिरामी भए पनि मेधावी स्वभावका उनी त्यति आत्तिएनन् । त्यतिबेला उनले आफ्ना भाइभारदार मुख्यमुख्य मान्छेलाई राखेर भनेका कुरालाई कसैले भाषण भने, कसैले वक्तव्य भने, कसैले विभिन्न नाम दिए, अहिले त्यसलाई दिव्योपदेश भनिएको छ ।

असनबाट मछिन्द्रबहाल जानेतिर तिलङ्ग घर छ, जसलाई काजी अभिमानसिंह बस्न्यातले वि.सं. १८३३ मा बनाएका हुन् । अभिमानसिंहका वंशज बखतमानसिंहले पुर्ख्यौली सोही घरमा पृथ्वीनारायणको उपदेश भेटाए । बखतमानसिंहको भनाइ अनुसार, उनको घरको कारिन्दा कुनै नेवारले यो उपदेश पाएका थिए । बखतमानसिंहले उपदेशको पाण्डुलिपि पाएपछि प्रचार हुन थाल्यो । पछि उनले समुचित मूल्य लिएर त्यसलाई पुरातत्त्व विभागलाई समर्पण गरे । त्यो प्रति अहिले राष्ट्रिय अभिलेखालयमा छ ।

पृथ्वीनारायणले आफ्नो शासनकालमा अत्यन्त महत्त्वपूर्ण ठानेका कुराहरू यस उपदेशमा आएका छन् । उपदेशमा उनले आफ्नो बाबुको नाम पनि लिएका छैनन् । तर जुन भाइहरूको परिश्रमले गरेर उनको राज्य जोडियो, यस सम्बन्धमा उनले हामी तीन खोपीका पाँच पाण्डवको अवतार भयाको थियौँ भनेका छन् ।

उपदेशमा उनले आफ्नो दोस्रो विवाहको उल्लेख गरेका छैनन् । पहिलो विवाह अर्थात् मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भएको असफल विवाहको बारेमा उनले उल्लेख गरेका छन् । विवाहपछि मकवानपुरेहरूले हेपेको अनुभूति भएपछि आफ्ना पुर्खाले गर्न खोजेको नेपाल एकीकरणको भावना उनीमा अझ बढी आएको देखिन्छ ।

कतिले पृथ्वीनारायणको दिव्योपदेशलाई नक्कली भनिरहेका छन् । कोही कोही अलिकति बढी विद्वान् भनिएकाले त रणबहादुर वा राजेन्द्रविक्रमको पालामा लेखियो होला भनेका छन् । अहिले हुँदाहुँदा राजा महेन्द्रकै पालामा लेखियो भन्नेहरू पनि आइसकेका छन् । पृथ्वीनारायणप्रति दुराग्रह राख्नेहरू र आफू कुन भुइँमा छु भन्ने नबुझेका मान्छेले यस्तो भनिरहेका छन् ।

पृथ्वीनारायणले आफ्नो शासनकालमा गरेका काम र आफूले इछ्याएका कामको उल्लेख समेत उपदेशमा आएका छन् । जस्तो : उनी भन्छन् – चीन बादशाहसित ठुलो घा राख्नु । उनले तिब्बतलाई पनि चीनअन्तर्गत पारेर कुरा गरेका छन् । दक्षिणपट्टि के भन्छन् भने– दक्षिणको बादशाहसित ठुलो घा त राख्नू, तर त्यो महाचतुर छ, एक दिन आउन्या छ । यसै गरेर किल्ला कसरी राख्ने, अङ्ग्रेजलाई कसरी हराइयो, मुसलमानी सेनालाई कसरी हराइयो आदि उल्लेख गरेका छन् ।

उनले आर्थिक नीतिका कुरा पनि गरेका छन् । घुस खान्या र घुस लिन्या राज्यका शत्रु हुन् भनेका छन् । यस्तै, उनले अदालतको पैसा दरबारमा नहुल्नु भनेका छन् । अदालतमा जो दण्ड गरिएको हुन्छ, त्यस्तो पैसा पातक हुन्छ । अर्को कुरा राजाले पनि प्रजालाई दण्ड गरेरै असुल्ने प्रवृत्ति बढ्छ । त्यसैले यस्तो पैसा पाठ-पूजामा वा योगी-संन्यासी आदिलाई दिनु, त्यसले गर्दा कुनै दोष लाग्दैन भनेका छन् ।

यस्तै उनले खानी भएको ठाउँ र खेती हुने ठाउँ नमास्नू भनेका छन् । यसरी उनले जति बुझेका थिए, ती किसिमको उपदेश उनले दिएका हुन् ।

उनको उपदेश उनीपछि लगत्तै लागू भएन । आफूपछिका उत्तराधिकारीले जान्दैनन् र गर्न सक्दैनन् कि भन्ने उनको मनमा शंका उब्जेरै उपदेश दिएका हुन् जस्तो देखिन्छ । उनी भन्छन्– बूढा मरै भाषा सरै भनी भन्छन्, तिमीहरू सबैछेउ सुनाइगयाको भया तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाऊन र यो राज्य थामी खानन् ।

उनलाई आफ्नो राज्यको र आफ्नो सन्तानको पनि माया छ । उनले आफ्ना छोरा तथा उत्तराधिकारी युवराज प्रतापसिंह शाह राजकाजका निमित्त योग्य छैनन् भन्ने देखेका थिए । आफ्नो छोरो तन्त्रमन्त्रमा लागेको र पाटनकी नेवार्नीको वशमा परेको कुरा उनलाई थाहा थियो । तर उनले बहादुर शाहलाई राज्य दिन सक्ने प्रचलन थिएन ।

पृथ्वीनारायणलाई जति कष्ट थियो, प्रतापसिंहलाई त्यति थिएन, प्रतापसिंहको पालामा पनि एकीकरण अभियान बढेन । पछि रणबहादुर शाह ठुला भए, उनले कहिले विधवा बाहुनीपट्टिको सन्तानलाई उत्तराधिकारी बनाउने, कहिले २३ वर्षमै बुढो भएँ भनेर राज्य छाड्ने, कहिले फेरि म राज्य गर्छु भन्ने, कहिले जोगी भएँ भन्ने आदि गरे । यसले गर्दा नेपालको एकीकरण केही काल रोकियो । यदि पृथ्वीनारायणकै नीतिअनुरूप चलेर नेपाल एकीकरण नरोकिएको भए, वि.सं. १८७१-७२ को नेपाल-अंग्रेज युद्ध हुने बेलासम्म नेपाल अझ बढी बलियो भइसकेको हुन्थ्यो ।

यहाँले प्रश्न गर्नुभयो, पृथ्वीनारायणका उपदेश उनकै शासनकालमा लागु भए कि भएनन् ?

अघि नै आयो कि पृथ्वीनारायणले अदालतबाट उठेको पैसा राजकीय कोषमा नराख्नू, दानधर्ममा लगाउनू भनेका थिए । वि.सं. १८२६ को पृथ्वीनारायण शाहको लालमोहर पाइएको छ, त्यसमा पण्डु ब्राह्मणको अपुतालीलाई पृथ्वीनारायणले गोरखनाथ मठलाई दिएका छन् । यस्तै गरेर पृथ्वीनारायणले आफ्नो राज्यमा समसामयिक परिवर्तन पनि गर्दै जान्थे ।

एकपटक उनले आफ्ना मामा (पाल्पाली राजकुमार उद्धोत सेन)सँग सल्लाह लिएका थिए । उनलाई मामाले सोधे- भाञ्जा तिम्रो पल्टनमा कुन कुन जातका सैनिक छन् ? पृथ्वीनारायणले बाहुन, खस, मगर र ठकुरी आफ्ना सैनिक रहेको बताउँदै सोध्छन्- यीमध्येमा कसलाई सेनापति दिँदा उत्तम होला ? मामाले पृथ्वीनारायणलाई सल्लाह दिन्छन्- बाहुन भनेको बयल हो, बयललाई मार्‍यो भने पातक लाग्छ । ठकुरी भनेको सिंह हो, अलिकति केही भयो भने पछिल्तिर फर्केर क्षति पुर्‍याउँछ । मगर भनेको टाँगन घोडा हो, बिस्तारै हिँड्छ । खस भनेको ताजी-तुर्की घोडा हो, त्यो फूर्तिसाथ हिँड्छ । त्यसैले सैन्यको मूल आदिपत्य चाहिँ खसलाई नै दिनु राम्रो हुन्छ । पृथ्वीनारायणले दिव्य उपदेशको पछिल्लो भागमा बाहुनको ठाउँमा गुरुङ राखेका छन् । यसको अर्थ बाहुनबाट भन्दा गुरुङबाट सैन्यको काम बढी हुन्छ भन्ने भावना उनलाई आएको देखिन्छ । यसरी पृथ्वीनारायणले आफ्ना केही नीतिहरू आफ्नो शासनकालमा पनि लागू गरेका थिए ।

अहिले पृथ्वीनारायणले उपदेशमा भनेअनुरूप सबै देश, काल र परिस्थिति मिल्ने होइन, यसमा समसामयिक परिवर्तन गर्ने हो भने नेपालको उन्नतिका लागि आधारभूत ग्रन्थ यो बन्न सक्छ भन्ने मलाई लाग्छ ।

पृथ्वीनारायण शाह दानव पनि होइनन् देवता पनि होइनन् । अहिले कतिले पृथ्वीनारायणलाई देवत्वकरण गर्ने ढङ्गले कार्यक्रम गरिरहेका छन् । कतिले पृथ्वीनारायणको दिव्योपदेशलाई नक्कली पनि भनिरहेका छन् । कोही कोही अलिकति बढी विद्वान् भनिएकाले रणबहादुर वा राजेन्द्रविक्रमको पालामा लेखियो होला भनेका छन् । अहिले हुँदाहुँदा राजा महेन्द्रकै पालामा लेखियो भन्नेहरू पनि आइसकेका छन् । पृथ्वीनारायणप्रति दुराग्रह राख्नेहरू र आफू कुन भुइँमा छु भन्ने नबुझेका मान्छेहरूले यस्तो भनिरहेका छन् ।

वि.सं. १९९२ को दार्जिलिङबाट छापिएको सूर्यविक्रम ज्ञवालीको पृथ्वीनारायण शाह पुस्तकमा पृथ्वीनारायणको उपदेशको उल्लेख भइसकेको छ । अहिले पृथ्वीनारायणले उपदेशमा भनेअनुरूप सबै देश, काल र परिस्थिति मिल्ने होइन, यसमा समसामयिक परिवर्तन गर्ने हो भने नेपालको उन्नतिका लागि आधार भूत ग्रन्थ यो बन्न सक्छ भन्ने मलाई लाग्छ ।

यहाँले जो प्रश्न गर्नुभयो, पृथ्वीनारायणको उपदेशलाई उनका भावी सन्तानले माने त ? यसमा के भयो भने उनका छोरा प्रतापसिंह विरोधी भए । नाति रणबहादुर अढाइ वर्षमा राजा भएका थिए, ती पनि मूर्ख खालका थिए । त्यसपछि डेढ वर्षमा राजा भएका गीर्वाणयुद्धविक्रमले के गरून् ? १९ वर्षको उमेरमै बिफरले उनको निधन भयो ।

गीर्वाणयुद्ध १८५४ सालमा विधवा बाहुनीबाट जन्मिएका हुन् । त्यसबेलाको सामान्य नियम अनुसार उनी राजगद्दीका लागि योग्य होइनन् । उनका सौतेनी आमाका छोरा वि.सं. १८५१ मा जन्मेका रणोद्धत शाह र वि.सं. १८५२ मा जन्मेका समरशेर शाह त थिए, उनीहरूले राज्य पाएनन् ।

तीन वर्षमा राजा भएका राजेन्द्रविक्रमबाट पनि अपेक्षा गर्न सकिँदैन । यसपछिका सुरेन्द्रविक्रमलाई स्वयं जंगबहादुरले राजा बनाइदिएका हुन् । राणाकालमा राजाहरूबाट अपेक्षा गर्न सक्ने अवस्था थिएन । राणाकालमा पृथ्वीनारायणको उपदेशलाई कुनै महत्त्व दिइएन ।

२००७ सालको परिवर्तनपछि योगी नरहरिनाथको पहलमा पृथ्वीजयन्ती मनाउन थालियो । पछि बिस्तारै कहिले पुरातत्व विभागले, कहिले गाउँ फर्क अभियानले, पछि प्रज्ञा प्रतिष्ठानले विभिन्न किसिमले पृथ्वीजयन्ती मनाउन थाले । पृथ्वीनारायणको गुणदोष परीक्षण गरेर जयन्ती मनाउन थालिएको थिएन । राजाहरूले पनि आफ्ना पुर्खाले बनाइदिएको राज्यमा हकदाबी खोजेका मात्रै हुन् । पृथ्वीनारायणले कति काम राम्रो गरे, कति काम राम्रो गरेनन् भनेर युनिभर्सिटीहरू र प्रज्ञा प्रतिष्ठानले अनुसन्धान गर्नुपर्छ ।

गणतन्त्रमा आएर पृथ्वीनारायणको सालिक तोड्ने, उनको विरोध गर्ने कुरा भए । अहिले हामीले विचार गर्नुपर्ने कुरा के हो भने नेपाल चाहिँदैन भनेको खण्डमा पृथ्वीनारायणलाई बिर्से हुन्छ, जबसम्म हामीलाई नेपाल चाहिन्छ, तबसम्म हामीले पृथ्वीनारायणलाई पूर्ण रूपमा सम्झनैपर्छ । हामीले यो पनि सम्झनुपर्छ कि पृथ्वीनारायणले गर्दा नै हामी आजको नेपाल देशमा नेपाली भएर रहेका छौँ ।

अर्को कुरा, पृथ्वीनारायणमा पनि कमी-कमजोरी होलान् । उनले कमी-कमजोरी गरेका कारणले पनि हाम्रो एकीकरण अभियानले जुन गति लिनुपर्थ्यो, त्यो हुन सकेन होला । यतातिर केलाउनमा पनि हाम्रो प्रवृत्ति जानुपर्छ ।

### नाक काटेको प्रसंग

पृथ्वीनारायण शाहले कीर्तिपुरेको नाक काटेकामा कुनै सन्देह छैन । उनले १८२२ चैत्र ३ गते कीर्तिपुर जिते । यसपछि उनले १८२२ चैत्र २७ गते केही कीर्तिपुरेका नाक काटेको देखिन्छ । उनले यसो नगरेको भए सुनमा सुगन्ध हुने थियो । कुनै पनि विजित देशमा पृथ्वीनारायणले जति कम अत्याचार गरेको पाइँदैन । पृथ्वीनारायणले भक्तपुर जितेपछि त्यहाँका जनताले भनेका छन्– रणजित मल्ल जुजु हुँदा महँगी थियो, पृथ्वीनारायण जुजु भएपछि सस्तो भयो ।

कीर्तिपुरमा पृथ्वीनारायण दुई-दुईपटक पराजय भएका थिए । कीर्तिपुरसँगको लडाइँमा काजी कालु पाँडेको मृत्यु भएको थियो भने भाइ सुरप्रतापको एक आँखा घाइते भएको थियो । यस कारण पृथ्वीनारायण कीर्तिपुरमा अलि उत्तेजनामा गए ।

पृथ्वीनारायणका दरबारिया कवि ललितावल्लभले वि.सं. १८२७ मा लेखेको कवितामा पनि नाक काटेको प्रसङ्ग आएको छ । नेपाली भएर बाँच्न पृथ्वीनारायणको सटीक मूल्याङ्कन गरौँ, उनलाई देवता अथवा दानव नबनाऔँ ।रातोपाटी

# किन बिदेसिँदै छन् नेपाली ?

**चन्द्र गिरी**

नेपालीका लागि मुग्लान पस्ने चलन नयाँ होइन, गाउँ र सहर नै खाली हुने गरी बिदेसिने क्रम भने नयाँ हो । यसको कारण भने पहिले पनि त्यही थियो, अहिले पनि फेरिएको छैन । मूलतः नेपालीहरू आर्थिक अवसरको खोजीमा बिदेसिन्छन् । कसैकसैले परिवारमा सामेल हुन र अध्ययनका लागि पनि देश छाडेका छन् । द्वन्द्व, उत्पीडन, मानव अधिकार उल्लङ्घन वा प्रतिकूल वातावरणका कारण बिदेसिने निकै कम छन् ।

बिदेसिने क्रम आगामी वर्षहरूमा अझ बढ्नेछ, घट्ने नामोनिसान देखिँदैन । मुग्लान पस्ने लहरले त्यो व्यक्तिको र उसको परिवारको मात्र होइन, समग्र समाज र देशलाई समेत गहिरो प्रभाव पार्ने भएकाले उनीहरूप्रतिको हाम्रो सोचाइमा परिवर्तन ल्याउनु जरुरी छ ।

यस सम्बन्धमा म एउटा वास्तविक कथा प्रस्तुत गर्न चाहन्छु, यस कथाका पात्रको नाम भने परिवर्तन गरिएको छ । कथा हो पूर्वी नेपालको कुनै गाउँको, जहाँका एक धनीमानी व्यक्तिले आफ्नै जमिनमा गरिबहरूको एउटा बस्ती बसाएका थिए । त्यहीँ विष्णु माझीले पनि एउटा सानो फुसको छानो भएको घर बनाउन सित्तैमा घडेरी पाए । गाउँमै मजदुरी गरेर उनको परिवारको गुजारा चल्थ्यो । उनको घरमा वर्षमा कति दिन धुवाँ आउँदैनथ्यो । ऋणधन गरेर भए पनि चाडबाड भने मजाले मनाउँथे । झट्ट हेर्दा उनको अनुहारमा न दुःख देखिन्थ्यो न हाँसो ।

मजदुरी जीवनको त्यो चक्र हटाउन उनको परिवारमा न ज्ञान छ न त सीप । कसैले हस्तक्षेप नगरी उनको परिवार गरिबीको रेखामाथि उठ्ने सम्भावना नै छैन । सरकार वा परोपकारी संस्थाहरू उनको घरमा पुग्दै पुग्दैनन् । उनलाई सरकारको बारेमा थाहै छैन । हुन सक्छ, गाउँका नेताहरू र धनीमानीहरू उनी र उनका सन्तानले सधैँ यस्तै मजदुरी गरेको हेर्न चाहन्छन् । अथवा गरिबी निर्मूल पार्ने विषय निर्वाचित जनप्रतिनिधिहरूको सरोकारको विषय वा प्राथमिकता होइन ।

छोराछोरीले पढे केही गर्छन् कि भन्ने आशा हुँदो हो तर गाउँको स्कुलमा कक्षा ५ सम्म पढेपछि विष्णुले उनीहरूलाई पनि बिहान-बेलुकाको छाक टार्न मजदुरीमै लगाउँछन् । सहरमा पठाएर त्योभन्दा माथि पढाउने हैसियत छैन उनको । मजदुरी गरेरै चलेको छ पुस्तौँदेखि उनीहरूको घरपरिवार ।

‘राष्ट्रप्रेमी नेपाली विदेश नजाऊ आफ्नै माटोमा केही गर’ भन्ने भाषा विष्णु र इन्द्रबहादुरजस्ता लाखौँ नेपालीले बुझ्दैनन् । उनीहरू रहरले होइन, बाध्यताले बिदेसिएका हुन् ।

विष्णुका नाति इन्द्रबहादुर अलिक फरक देखिए । कक्षा ५ सम्म पढेर स्कुल छाडे पनि पत्रपत्रिका र किताबहरू भेटेसम्म पढ्न छाडेनन् । कनीकुथी अंग्रेजी बोल्न पनि सिके । ऋणपान गरेर काम गर्न दुबई पुगे । विदेश जाने भनेपछि चर्को ब्याजमा उनले गाउँमै ऋण पाए । उनले पनि ब्याजदरको हिसाब गर्न चाहेनन्, किनभने ऋण पाउनु नै ठुलो कुरा भयो ।

केही वर्ष दुबईमा पसिना बगाएर इन्द्रबहादुरले ऋण मात्र तिरेनन्, गाउँमा एकतले पक्की घर पनि बनाए । उनको परिवारले मिठोमसिनो खान पायो । उनले बुवालाई एउटा साइकल किनिदिएका छन् । अहिले पनि विदेशमै रहेका उनले बहिनीलाई कलेज पढाउन पैसा पठाउँछन् ।

मरुभूमिको घामले डढेर कालो भएका इन्द्रबहादुर भन्छन्, ‘नेपालमै बसेको भए यस्तो अवसर प्राप्त हुँदैनथ्यो । मजदुरी गरेरै जीवन अस्ताउँथ्यो ।’ कालो भएकाले गाउँ फर्किँदा कसैले नचिन्लान् भन्ने डर भने छ उनलाई ।

उता राजधानी काठमाडौंमा राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएका एक महानुभाव बिदेसिनु राम्रो होइन भनेर भाषण दिइरहेका छन् । बिदेसिने लर्को देखेर राष्ट्रप्रेम घट्यो, नैतिकता बोइङमा चढ्न थाल्यो भनेर उनी चिन्तित छन् । यो समाचार पढेर इन्द्रबहादुर कन्फ्युज छन् । अस्ति एक नेताले सित्तैमा विदेश पठाइदिन्छु भनेर चुनाव जितेका थिए, अहिले त्रिभुवन विमानस्थलमा बिदेसिनेको ताँती देखेर आँसु आयो भन्छन् । अर्का नेताले ‘रहरले विदेश गएका हुन् रहर पुगेपछि फर्किन्छन्’ भनेछन् । फेरि उसले पढ्यो, तिनै नेताले आफ्नो एउटा छोरा अमेरिका र एउटी छोरी अस्ट्रेलिया पठाएका रहेछन् ।

‘राष्ट्रप्रेमी नेपाली विदेश नजाऊ आफ्नै माटोमा केही गर’ भन्ने भाषा विष्णु र इन्द्रबहादुर माझीजस्ता लाखौँ नेपालीले बुझ्दैनन् । उनीहरू रहरले होइन, बाध्यताले बिदेसिएका हुन् । आफ्नो गाउँघर र देश छाड्ने परम्परा सदियौँ पुरानो हो । ऋषिमुनिहरू हिमालयमा आएर ज्ञान हासिल गर्थे । सिद्धार्थ गौतमले घर छाडेरै बोधिसत्व प्राप्त गरेका थिए । पहाडबाट तराई आएर जंगल फँडानी गर्न तत्कालीन पञ्चायती सरकारले नै उत्प्रेरित गरेको थियो । अवसरको खोजीमा गाउँबाट सहर छिर्ने चलन हिजो थियो, आज छ र भोलि पनि रहनेछ । हाम्रा नौजवानहरू ब्रिटिस आर्मी, इन्डियन आर्मी, गुर्खा कन्टिन्जेन्ट सिंगापुर र गुर्खा रिजर्भ युनिट ब्रुनाई जाने परम्परा नयाँ होइन ।

हाम्रा पुर्खाहरू दार्जिलिङ, सिक्किम, आसाम, भुटान, बर्मालगायत ठाउँमा गएर बसोबास गरेका थिए । पछिल्ला केही दशकमा संसारका धेरै देशमा नेपालीहरू छरिएको कुरा सबैमा जगजाहेरै छ । कुन मुलुकमा कति पुगेका छन् भन्ने लेखाजोखा भने हुन बाँकी छ । खाडी मुलुकसहित मलेसिया, कोरिया, इजरायल, युरोप, अस्ट्रेलिया, अमेरिका, क्यानडा कहाँ पुगेका छैनन् र नेपाली । २०४६ मा बहुदल आएयता जनचेतना बढेको र प्रक्रिया सहज भएका कारण नेपालीहरू बिदेसिने क्रम ह्वात्तै बढेको हो भन्ने मान्यता छ ।

बिल गेट्सले एकपल्ट भनेका छन्, ‘गरिब जन्मिनु तपाईंको गल्ती होइन तर गरिब भएरै मर्नु तपाईंको गल्ती हो ।’ जोसुकै पनि सुख-समृद्धिको खोजीमा हुन्छ । जीवनमा दुई छाक खान पाइयोस्, आङ छोप्न पाइयोस्, बस्नलाई एउटा आफ्नै घर होस्, छोराछोरीलाई पढाउन सकियोस् र बिरामी पर्दा उपचार गर्ने हैसियत होस् भन्ने चाहना राख्नु ठूलो इच्छा पनि होइन ।

स्वदेशमै रोजगारको व्यवस्था भए पनि बिदेसिने क्रम रोकिने सम्भावना छैन । बेरोजगारको के कुरा, जागिर हुनेहरू पनि देशमा भविष्य देख्दैनन् । शिक्षक, पुलिस र सरकारी कर्मचारीसमेत बिदेसिने क्रम जारी छ ।

सर्वसाधारण गाउँलेले देशमै बसेर त्यो सुख-समृद्धि पाउने सम्भावना देखेका छैनन् । त्यस्तो सम्भावना भएको भए विष्णु माझीको परिवारले नेपालमै केही गर्थ्यो, उनका नाति दुबई जानुपर्दैनथ्यो । गरिबीका कारण पढ्न नसकेपछि आफ्नै देशमा जागिर खाने कुरै आएन । व्यापार गर्न पैसा छैन । फेरि सबै मान्छेसँग व्यापार गर्ने क्षमता पनि हुँदैन । भूमिहीनले के खेती गर्नु ? उद्योगधन्दा गाउँमा छिरिसकेका छैनन्, सहरमै पनि काम पाइँदैन । सरकारले केही गरिदेला भनेर कति आशा गर्नु ? देशमै केही गर्छु भन्यो भने ऋण कसैले दिँदैनन् । गरिबीको दलदलबाट माथि उठ्नै नसकिने अवस्था छ । बिदेसिनुबाहेक अर्को विकल्प के छ ?

इन्द्रबहादुरलाई भने आफ्नै गाउँघरमा परिवार, आफन्त र साथीसंगीसँग सुखी र खुसी जीवन बिताउन पाए हुन्थ्यो भन्ने छ । गाउँमा तत्काल रोजगारी र आम्दानीको क्षेत्र विस्तार गर्ने सम्भावना छैन । स्वदेशमै रोजगारको व्यवस्था भए पनि बिदेसिने क्रम रोकिने सम्भावना छैन । बेरोजगारको के कुरा, जागिर हुनेहरू पनि देशमा भविष्य देख्दैनन् । शिक्षक, पुलिस र सरकारी कर्मचारीसमेत बिदेसिने क्रम जारी छ ।

देशका सबै युवा बिदेसिएका वा बिदेसिने क्रममा छन् । गच्छेअनुसार निमुखाहरू भारत र खाडी मुलुक, अलिक पैसा हुने मलेसिया, जापान र कोरिया, पैसावाला तथा पढे-लेखेकाहरू युरोप, अस्ट्रेलिया, क्यानडा, अमेरिका जाने गर्छन् । विदेश नगए ‘यो त लफङ्गा भयो’ भन्ने सुनिन्छ । गाउँमा बस्ने युवाको मनोबल खस्किएको छ । मेरा छोराछोरी विदेशमा छन् भनेर गर्वसाथ भन्छन् बाउआमा । विष्णु माझी पनि चौतारीमा बसेर जुँगा मुसार्दै त्यसै भन्न रुचाउँछन् । युवा बिदेसिएपछि गाउँ बुढाखाडा र केटाकेटी बस्ने ठाउँ भएको छ । खेतबारी बाँझो छ । कतिपय घर खण्डहर भएका छन् । गाउँको सुन्दरता लुटिएको छ । बिरामी पर्दा हेरविचार गर्ने कोही छैन, मान्छे मर्दा मलामी पाइन छाड्यो ।

भनिन्छ- विकास गाउँ जान थालेको छ, युवाले गाउँ छाडिरहेका छन् । देशले आर्थिक सम्पन्नता हासिल नगरेसम्म चाहेर पनि बिदेसिने क्रम रोक्न सक्ने स्थिति छैन । यो नेपालको मात्र होइन, विश्वव्यापी यथार्थ हो । अहिले खासगरी एसिया, अफ्रिका र दक्षिण अमेरिकाका धेरै मानिस बिदेसिने क्रम बढिरहेको छ । संसारकै सबैभन्दा शक्तिशाली र धनी देश अमेरिका समेतले अग्ला-अग्ला पर्खाल बनाएर आप्रवासीलाई रोक्न सकेको छैन । युरोपियन देशहरूको त्यस्तै हालत छ ।

बिदेसिने क्रम रोक्ने सम्भावना नभएपछि बरु दक्ष जनशक्ति पठाएर उनीहरूलाई सक्दो सहयोग गर्नु जरुरी छ । विदेशमा बस्नेहरूबाट पनि देश बनाउन सहयोग लिनुपर्छ । आप्रवासी नेपालीले प्रत्यक्ष रूपमा राजनीतिमा भाग लिन नपाए पनि अप्रत्यक्ष रूपमा सहभागी हुन छोड्नु हुँदैन । विदेशी नागरिकता लिएकाहरूले नेपालको राजनीतिको चिन्ता नलिए हुन्छ भन्ने तर्क सान्दर्भिक छैन । उदाहरणका लागि सन् २०२२ मा भएको चुनावमा भारतको गुजरात राज्यमा विश्वभरका २५ हजार एनआरआई आएर भारतीय जनता पार्टीलाई सहयोग गरेको समाचार आएको थियो ।

यता धेरै नेपाली आप्रवासीले गएको चुनावमा बालेन शाहलाई काठमाडौंको मेयरमा जिताउन सहयोग गरेका थिए । काठमाडौंमा भएका आफ्ना घरपरिवार र आफन्तलाई सम्पर्क गरेर बालेनलाई भोट दिन उत्प्रेरित गरेका थिए । एकजना नेताले ‘अब देशभित्र मात्र होइन, विदेशमा पनि भोट खोज्नुपर्छ’ भनेका रहेछन् । बिदेसिनेको संख्या बढ्दै गर्दा नेपालको राजनीतिमा उनीहरूको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पनि बढ्ने सम्भावना छ ।

बिदेसिने क्रम घट्ने होइन, बढ्दै जाने पक्का छ । देशले आर्थिक समुन्नतिमा छलाङ नमारेसम्म यो क्रम रोकिँदैन । आफ्नो र परिवारको आर्थिक स्थिति छिटै सुधार्न अधिकांश नेपालीलाई बिदेसिनुको विकल्प छैन । तसर्थ, बिदेसिएका नेपालीलाई समेत समेटेर देश निर्माणको पहल गर्नु जरुरी छ । नागरिकता जहाँको लिए पनि एकपल्टको नेपाली सधैँको नेपाली ठानेर उनीहरूको देश प्रेममा शंका गर्नु हुँदैन । बरु दक्ष जनशक्ति स्वदेश फर्काउने नीति ल्याउनुपर्छ । आप्रवासनलाई सुरक्षित, सम्मानित र व्यवस्थित बनाउनु जरुरी छ ।रातोपाटी

# शिखर सम्मेलनमा भाग लिन प्रधानमन्त्री कम्पाला जाँदै



टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल‘प्रचण्ड’ असंलग्न आन्दोलन (नाम)को १९औँ शिखर बैठकमा भाग लिने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै आगामी माघ ४ गते युगान्डाको राजधानी कम्पालातर्फ प्रस्थान गर्ने भएको छ।

प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलमा उनकी सुपुत्री गङ्गा दाहाल, परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, परराष्ट्रसचिव सेवा लम्साल तथा नेपाल सरकारका वरिष्ठ अधिकारी रहनुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ।

शिखर सम्मेलनअन्तर्गत प्रधानमन्त्री प्रचण्डले माघ ५ गते ‘साझा वैश्विक समृद्धिका लागि सहयोग विस्तार’ विषयक प्रारम्भिक वैठकलाई सम्बोधन गर्ने कार्यक्रम छ। नाम सम्मेलनमा सहभागी राष्ट्राध्यक्ष एवं सरकार प्रमुखको सम्मानमा सोही दिन गणतन्त्र युगाण्डाका राष्ट्रपति योएरी कगुटा मुसेभेनीले आयोजना गर्नुहुने स्वागत समारोहमा प्रधानमन्त्री दाहाल सहभागी हुनुहुनेछ।

प्रधानमन्त्रीले शिखर सम्मेलनका क्रममा त्यहाँ एकत्र हुनुहुने सरकार प्रमुख, राष्ट्राध्यक्ष एवं उच्चपदस्थ अधिकारीसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम छ। शिखर सम्मेलन प्रारम्भ हुनुअघि आगामी माघ ३ र ४ गते परराष्ट्रमन्त्रीस्तरीय बैठक हुनेछ। परराष्ट्रमन्त्रीस्तरीय बैठकमा भाग लिने प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मन्त्री साउद माघ २ गते कम्पालतर्फ प्रस्थान गर्नुहुनेछ। सोही क्रममा कम्पालामा माघ १ र २ गते परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारीहरु सम्मिलित बैठक हुनेछ।

शिखर बैठकले मन्त्रीस्तरीय बैठकको प्रतिवेदन समीक्षाका साथै सन् २०१९ मा नाम शिखर बैठकले पारित गरेका विषयको पनि पुनरावलोकन गर्नेछ। साथै बैठकले कम्पाला घोषणापत्र अनुमोदन गर्नेछ। नेपाल नामको संस्थापक सदस्य हो। स्थापनाकालदेखि नै नाममा नेपाल सक्रियरुपमा लागेको छ। असंलग्नता नेपालको परराष्ट्र नीतिको प्रमुख सिद्धान्त हो।

प्रधानमन्त्री दाहाल माघ ७ गते स्वदेश फर्कनेछ। उन्नाइसौँ नाम शिखर सम्मेलनपछि माघ ७ र ८ गते कम्पालामा नै आयोजना हुने तेस्रो दक्षिण सम्मेलनमा परराष्ट्र सचिव लम्सालले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्ने परराष्ट्र मन्त्रालयले आइतबार जारी गरेको प्रेस विज्ञिप्तिमा जनाइएको छ।

> प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलमा उनकी सुपुत्री गङ्गा दाहाल, परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, परराष्ट्रसचिव सेवा लम्साल तथा नेपाल सरकारका वरिष्ठ अधिकारी रहनुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

# ‘आफूले गरेका कामबारे नेताहरूले आफैँलाई प्रश्न सोधुन्’

टुडे समाचारदाता

काठमाण्डु । प्रतिनिधिसभा निर्वाचन २०७९ मा निर्वाचित भएर हामीहरू संसद्मा आएको एक वर्ष बितिसकेको छ। यो एकवर्षे कार्यकाल समय र त्यसको उपलब्धिका हिसाबले उल्लेख्य प्रगति भयो भन्ने पक्षमा म छैन । यो अवधिमा हामीले एक–दुईवटा मात्रै विधेयक पारित गर्यौं । सयौं विधेयक बनाउनुपर्ने छ, तर हामी त्यसमा सुस्त भयौं।

देश र जनताको आवश्यकतालाई महसुस गरेर जुन ढङ्गले कानुन निर्माण गरी सहजरूपमा सेवा दिनसक्नुपर्थ्यो, त्यो स्तरमा हामीले काम गर्न सकेका छैनौं । संसद्का कामकारबाहीलाई चुस्त-दुरुस्त बनाउन सरकारले जुन भूमिका खेल्नुपर्ने हो, त्यो खेल्न नसकेको महसुस भएको छ । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा हामी छौं। तर त्यसअनुसारको हाम्रा आचरण, आदत, स्वभाव र चिन्तन देखिएन।

राज्य व्यवस्था नयाँ छ, तर हाम्रा सोच, शैली र तौरतरिका पुरानै छन् । यसलाई हामीले बदल्नुपर्नेछ । संसद्का मुख्य तीन भूमिका छन् । कानुन बनाउने, बनेको कानुन कार्यान्वयन भए-नभएकोबारे सरकारलाई अनुगमन गर्ने र नागरिकका गुनासा, समस्या सम्बोधन गर्ने कुरा संसद्को जिम्मेवारीभित्र पर्छन् । हामी सांसदको काम कानुन निर्माणमार्फत नागरिकलाई सहज सेवा प्रवाह गर्नु हो । तर कानुन निर्माणबाहेकका काममा पनि संसद्ले धेरै समय खर्च गर्दा अपेक्षित नतिजा देखिनसकेको छैन।

जनप्रतिनिधि भएको हैसियतले जनताका पीरमर्का, समस्या सम्बोधन गर्ने जिम्मेवारी पनि सांसदको हुन जान्छ। जनजीविकासँग जोडिएका विषयमा सरिक हुने तथा उनीहरूका इच्छा, आकाङ्क्षा र चाहना पूर्ति गर्नका लागि भूमिका निर्वाह गर्ने हुटहुटी हुँदाहुँदै पनि कतिपय काम विधि, प्रक्रियाका कारण गर्न नसकेको हो कि जस्तो लाग्छ । जनताले आफ्नो मतादेशअनुसार हामीलाई दिएको महत्त्वपूर्ण जिम्मेवारीलाई बढीभन्दा बढी नतिजामूलक बनाउनेबारे सोच्न जरुरी छ। सरकारले संसद्लाई काम दिने सवालमा पनि केही ढिलासुस्ती भएको छ। संसद्मा छलफलका लागि पर्याप्त विधेयक आउन सकेका छैनन्।

नयाँ शासन व्यवस्थामा हामी जाँदैगर्दा हाम्रा शैली फेरिनु आवश्यक छ। सरकारले सबै पक्षलाई जोडेर मिलाएर जाने सवालमा सही ढङ्गले भूमिका खेल्न सकेको छैन । प्रतिपक्षले पनि आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्न सकेको छैन । लोकतान्त्रिक व्यवस्थामा प्रतिपक्षलाई ‘वेटिङ गभर्मेन्ट’ मानिन्छ । अर्थात् वेटिङ गभर्मेन्टले उठाएका विषय पनि जनताका विषय हुन् भनेर सरकारले बुझ्न जरुरी छ । तर प्रतिपक्षका कुरा उपेक्षा गर्ने खराब चलन अहिलेमात्र नभई विगतदेखिकै अभ्यासको निरन्तरता हो।



सरकार र प्रतिपक्ष एकअर्काका परिपूरक हुँदाहुँदै पनि नीति, सिद्धान्त, विचारमा फरक छन् । सांसदहरूले राष्ट्रलाई र जनतालाई केन्द्रबिन्दुमा राखेर सोच्नुभन्दा पनि आफ्नो दलको बारेमा सोच्ने चलन छ । यो रोग अहिलेको मात्र नभएर पहिल्यैदेखिको हो । राष्ट्र र जनतालाई केन्द्रबिन्दुमा राखेर काम गर्दा कुनै दलका, गुटका व्यक्तिका कुरा सम्बोधन नहुन सक्छन् । तर त्यसले राष्ट्रलाई योगदान गर्छ भने दलीय र गुटगतभन्दा पर रहेर काम गर्नुपर्छ। दल र गुटभन्दा माथि उठेर राष्ट्रलाई शीर्षस्थानमा राखेर काम गर्ने हो भने सबै समस्या समाधान हुन्छन्। यसकारण हाम्रो राजनीति शैली, संस्कारमा परिवर्तन आवश्यक छ। तर सरकारले बजेट आफूअनुकूल प्रयोग गरेको छ। देश र जनताका निम्ति गम्भीर भएर काम गर्न सकेको देखिएको छैन।

जनताका गुनासो सुन्ने, उनीहरूमा समस्या समाधानका लागि पहल गर्ने, जनतालाई सेवा दिनेलगायतका काम संसद्मा छुट्टै संयन्त्रले काम गर्छ भन्ने हुँदैन । त्यो भूमिका सांसदले नै पूरा गर्नुपर्छ । नागरिकका आवश्यकता र गुनासोका फाइल बोकेर सांसद मन्त्रालय, विभागमा जानु, संसद्मा कुरा राख्नु पनि सांसदकै जिम्मेवारीभित्र पर्दैन भन्ने होइन । जनताका समस्या समाधानका लागि मन्त्रालयसँग समन्वय गर्ने कुरा पनि सांसदको भूमिका हो। तर संसद् बैठकमा सहभागी नहुने, समितिमा बैठकमा सहभागी नहुने तर नागरिकका गुनासा सम्बोधन गर्न भनेर मन्त्रालय चहार्ने भन्नेमात्र पनि होइन। मुख्य काम समिति र संसद्मा कानुन निर्माणकै हो। सांसदहरू कानुन निर्माणमा नलागेर अन्य काममा लागेको भन्ने मैले अनुभव गरेको छैन।

मुलुक निर्माण र जनतालाई सहज सेवा दिने सवालमा सुशासन कायम गर्नु पहिलो शर्त हो। हामी सुशासनका कुरा सैद्धान्तिकरूपमा त गरिरहेका छौँ । तर व्यवहारतः कार्यान्वयन भएको देखिएन। सुशासन कायम गर्ने भनेर दलको एजेण्डा बनाएर, चुनावी घोषणापत्रमा राखेर हामी चुनावमा जान्छौँ र जितेर पनि आउँछौँ। तर जितेर आइसकेपछि वा सरकारमा गएपछि आफैँले गरेका प्रतिबद्धता बिर्सन्छौँ । आफ्नै दलका नारा बिर्सिन्छौँ । त्यसलाई पालना गर्ने सवालमा हामी कमजोररूपमा पेस हुन्छौँ । सुशासन प्राप्त गर्नका लागि हाम्रो आफ्नै व्यवहारमा सुधार आवश्यक छ । प्रतिपक्षमा रहँदा सुशासनका कुरा जोडतोडले उठाउने तर सरकारमा जाँदा त्यो बिर्सिने वा कमजोर हुने विगतदेखिकै खराब परम्पराले निरन्तरता पाएको देखिन्छ। यसलाई अन्त्य गर्नु छ। विभिन्न भ्रष्टाचारका प्रकरण र काण्ड एकपछि अर्को गरी आइरहेका छन्। तर कारबाही गर्न सरकार पछि हटेको छ।

हामीकहाँ भ्रष्टाचार संस्कार नै भयो। कतिसम्म भने भ्रष्टाचार निवारणका कुरा गर्ने व्यक्ति नै भ्रष्टाचारमा मुछिने क्रम बढ्दै गएको छ। भ्रष्टाचार अन्त्य गर्नुपर्छ भनेर नबोल्ने कुनै पनि दलका सांसद बाँकी छैनन् । तर आफैँले कमाएको सम्पत्ति कसरी प्राप्त भइरहेको छ भनेर सांसदहरूले मूल्याङ्कन गर्नुपर्छ। पहिलो प्रश्न आफैँलाई सोध्नुपर्छ । आफ्नो पैतृक सम्पत्तिको लेखाङ्कन गरेर बाँकी आफूले कमाएको सम्पत्ति कहाँबाट आयो ? आफूले कसरी जीवन निर्वाह गरेको छु ? भनेर आफैँलाई प्रश्न सोधौँ । कहीँ कोही कसैले त भ्रष्टाचारबाटै कमाएको सम्पत्तिमा उभिएर भ्रष्टाचार अन्त्यको कुरा पो गरिरहेको छन् कि ? यसकारण भ्रष्टाचार संस्कारबाट हामी आफैँ मुक्त नभएसम्म सुशासनको कुरा गरेर जनतालाई भ्रममा पार्नु बेतुकको कुरा हो।

राजनीतिक दलहरूले आफ्नो सिद्धान्त बिर्सदै गए भन्ने गरेको सुनिन्छ। सबै दलका आफ्ना विचार र सिद्धान्त छ। वामपन्थी दलका सिद्धान्त एउटै भए पनि त्यो सिद्धान्तलाई प्रमुख मान्न सकिएको छैन । अहिले सबै दलका सिद्धान्त भनेको संविधानलाई कसरी परिणाममुखी बनाउने भन्नेतर्फ केन्द्रित छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रभावकारी कार्यान्वयन र समाजवादोन्मुख अर्थतन्त्र निर्माण संविधानले निर्दिष्ट गरेको छ । मुलतः राजनीतिक दलका सिद्धान्त र विचारहरू पनि त्यसैमा केन्द्रित भएकाले उनीहरू आफ्नो सिद्धान्तबाट केही विमुख भएका हुन् कि भन्ने जस्तो देखिएको हुनसक्छ।

अहिले हामी सबैको जिम्मेवारी संविधानको भावनाअनुरुप कानुन निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हो। दलहरूले भन्ने गरेका सुशासन, समृद्ध नेपालः सुखी नेपाली, समाजवादोन्खुम अर्थतन्त्र निर्माण गर्ने कुरा पनि संविधानमा नै छ। हाम्रो संविधान नै दलहरूका समान सिद्धान्तअनुसारको परिकल्पना गरिएको हो। समतामूलक समाज निर्माण, रोजगारी सिर्जना, शिक्षा-स्वास्थ्य क्षेत्र, उत्पादन वृद्धिलगायतका क्षेत्रबाट समाजवाद निर्माण गर्ने कुरा संविधानमा राखिएको छ । तर मुख्य समस्या भनेको दलहरूले सिद्धान्त एउटा बोक्ने र व्यवहार अर्को गर्ने शैलीको भयो । यो गम्भीर विषय हो।

मुलुकमा राजनीतिक परिवर्तनपछि जनताको चेतनास्तर बढेको छ । सूचना प्रविधिको विकास र प्रयोगले अहिले विश्वभरका जानकारी हामी सबैले पाइरहेका छौं । मानिस स्वभावैले सुख, शान्ति, समृद्धि चाहन्छ । हाम्रो आफ्नो देशको मौलिकताअनुसारको सुख, शान्ति, समृद्धि निर्माणमा चुक्दा युवाशक्ति विदेशिनुपर्ने बाध्यता छ । नागरिकको चेतनास्तर बढेसँगै त्यसले महत्वाकाङ्क्षा पनि सिर्जना गर्यो । तर हामीले नागरिक आकाङ्क्षाअनुसारको विकास र समृद्धि, रोजगारी पूर्ति गर्न सकेका छैनौं । शिक्षा, स्वास्थ्य, रोजगारलगायतका सुविधा राष्ट्रियता, आफ्नो मौलिकता र संस्कृतिसँग जोडिन्छ। हामी राष्ट्रियताका चर्का कुरा गर्ने तर न्यूनतम सुविधा प्राप्त गर्न पनि नसक्ने अवस्थामा परनिर्भरता र युवाशक्ति विदेशिनुपरेको हो।

राहदानी लिनका लागि लागेको युवाको लाइन, विमानस्थलमा देश छाड्ने युवाको लाइन देख्दा आफैँलाई हीनताबोध हुन्छ। हामी प्राकृतिकरूपमा सम्पन्न भएर पनि अरु देशमा दासजस्तो बनेर काम गर्नुपर्ने बाध्यता छ।

यस विषयमा म गम्भीर र चिन्तित छु। स्वदेशमै रोजगारी सिर्जना गर्ने र युवा जनशक्ति पलायन रोक्ने सवालमा आफ्नो तर्फबाट गर्न सक्ने हरसम्भव प्रयास गरेको छु। जिम्मेवार निकायलाई यसबारे सचेत गराएको छु। तर नेपालको राजनीति निकै विकृत भयो।

जनताका बीच जाँदा राष्ट्रियताका चर्का कुरा गर्ने र सरकारमा जाने तर सत्तामा पुगेपछि राष्ट्रियता बिर्सिने प्रवृत्ति छ। हामी अरु कुनै शक्तिबाट चलिरहेका छौँ भन्ने कुरा बुझेपछि यसले पनि युवा जनशक्तिमा वितृष्णा बढ्दो छ। यसकारण जुनसुकै सरकार आए पनि आफ्नो स्वाभिमानमा टेकेर सिङ्गो राष्ट्रबारे सोच्न जरुरी छ । यो समस्या हल गर्न एक सांसदका हिसाबले म प्रतिबद्ध छु।

(विसं २०४८ देखि राजनीतिमा लाग्नुभएका सांसद विश्वकर्मा अहिले रुकुमपश्चिमबाट प्रतिनिधित्व गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट प्रतिनिधिसभामा समानुपातिक सांसद छन् । सामाजिक रुपान्तरण तथा न्यायका लागि करिब तीन दशकदेखि सक्रिय रहनुभएका विश्वकर्मासँग रासस समाचारदाता हेमन्त जोशीले गरेको कुराकानीको सम्पादित अंश)

> “ जनताका बीच जाँदा राष्ट्रियताका चर्का कुरा गर्ने र सरकारमा जाने तर सत्तामा पुगेपछि राष्ट्रियता बिर्सिने प्रवृत्ति छ । हामी अरु कुनै शक्तिबाट चलिरहेका छौँ भन्ने कुरा बुझेपछि यसले पनि युवा जनशक्तिमा वितृष्णा बढ्दो छ । यसकारण जुनसुकै सरकार आए पनि आफ्नो स्वाभिमानमा टेकेर सिङ्गो राष्ट्रबारे सोच्न जरुरी छ । यो समस्या हल गर्न एक सांसदका हिसाबले म प्रतिबद्ध छु ।

# माघ २ गतेदेखि निर्वाचन आचारसंहित लागू हुँदै

टुडे समाचारदाता

काठमाण्डु । निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि माघ २ गतेदेखि निर्वाचन आचारसंहिता लागू गर्ने भएको छ। निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को अनुसार आयोगबाट माघ २ गतेदेखि माघ १२ गतेसम्म सम्बन्धित सबै व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेगरी आचारसंहिता जारी गर्ने निर्णय आज आयोगले गरेको हो । सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभा सदस्यको आगामी फागुन २० गते रिक्त हुने १९ पदका लागि निर्वाचन हुँदैछ।




आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले विज्ञप्ति जारी गरी उक्त अवधिमा कुनै सार्वजनिक स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन, निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने, कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने जनाउनुभएको छ । यस्तै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अङ्कित कुनै सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने कानुनी व्यवस्था छ।

साथै ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन तथा बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन मिल्नैन। आचारसंहिता अनुसार प्रचलित कानून बमोजिम निषेध गरिएको समय र स्थानमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने, सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्ने जस्ता भ्रामक टिका टिप्पणी गर्न वा गराउन नहुने व्यवस्था छ।

निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्न नहुने, कुनै पनि किसिमबाट मतदाताको गोप्यता भङ्ग गर्ने कार्य गर्न नहुने, मतदाता र मतदानमा खटिएका कुनैपनि कर्मचारीसँग वादविवाद गर्न वा उनीहरूलाई हतोत्साहित गर्ने कुनै पनि कार्य गर्न नहुने, कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्नेगरी कुनै कार्य गर्न नहुने व्यवस्था छ।

यसैगरी निर्वाचन प्रचार प्रसारमा संलग्न हुने सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले आयोगको अनुमति लिई निर्वाचन प्रचार प्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने तथा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म कुनै पनि प्रकारका अन्तरक्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसँग सम्बन्धित छलफल वा सामूहिक मस्तिष्क मन्थन आदि गर्न नहुनेसमेत व्यवस्था छ।

**उम्मेदवारले साढे तीन लाखसम्म खर्च गर्न पाउने**

निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनमा उम्मेदवारले खर्च गर्न पाउने हद तोकेको छ।

निर्वाचनका उम्मेदवारले राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६५ तथा राष्ट्रियसभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम ४६ (१) सँग सम्बन्धित अनुसूची-१ बमोजिम तीन लाख पचास हजारसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ। आयोगले आइतबार निर्वाचनमा उम्मेदवारले खर्च गर्न पाउने हद तोकेको हो।

उक्त खर्च मतदाता नामावली खरिद, सवारीसाधन तथा इन्धन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी, अन्तरक्रिया, कार्यालय सञ्चालन, प्रतिनिधि परिचालन र विविध शीर्षकमा गर्न सकिने आयोगले जनाएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले आइतबार विज्ञप्ति जारी गरी उम्मेदवारले खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्न र यसरी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउन निर्देश गरिएको जनाएका छन्।

निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६५ तथा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिम निर्वाचन परिणाम घोषणा भएको तीस दिनभित्र आयोग वा निर्वाचन कार्यालयमा पेस गर्नसमेत आयोगले सूचित गरेको छ।

उन्नाइस सदस्यीय पदका लागि हुने निर्वाचनका लागि सातै प्रदेशमा ५१ उम्मेदवार कायम रहेका छन् । ती उम्मेदवारलाई आयोगले शनिबार निर्वाचन चिन्ह वितरण गरिसकेको छ।

# जनताका पक्षमा काम गर्न नेता सिंहको जोड

टुडे समाचारदाता

लेखनाथ। नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले जनताका पक्षमा इमान्दार भएर काम गर्नुपर्ने बताएका छन् । नेपाली कांग्रेस कास्कीका कार्यकर्तासँग आइतबार पोखरामा भएको भेटमा उनले केही समययता राजनीतिक परिस्थिति फेरिएकाले जनताले काम र राजनीतिक पारदर्शीकता खोजिरहेका बताए।

“राजनीतिक इमान्दारिता आजको आवश्यकता हो । जनताले पनि पारदर्शी रुपमा काम गर्ने नेता र पार्टीलाई विश्वास गर्छन् । निष्ठाको राजनीति गर्न कठिन भए पनि राजनीतिक दलहरु जनता केन्द्रित हुनुको विकल्प छैन”, नेता सिंहले भने, “विसं २०१७ मा निष्ठाको राजनीति गरेकाले बिपी, गणेशमान र कृष्णप्रसाद भट्टराई अहिले पनि जनताले स्मरणमा स्वच्छ नेताको रुपमा चिनिँदै आएका छन् ।” नेपाली कांग्रेसले अब आफ्नो नीतिमा सुधार गर्दै जनता केन्द्रित राजनीति गर्न जरुरी रहेको उनको भनाइ थियो।

इमान्दार भएर जनताका काम नगर्ने हो भने अब कुनैपनि राजनीीतक दलको भविष्य नरहने बताउँदै समयअनुसार दलहरु पनि परिवर्तन हुन जरुरी रहेको नेता सिंहले बताए । “नेपाली कांग्रेसलाई देशकै ठूलो पार्टीको रुपमा स्थापित गर्न युवा तथा निष्ठावान नेताको खोजी गर्न जरुरी छ”, उनले भने, “लोकतन्त्रमाथि आक्रमण भइरहेको बेला लोकतान्त्रिक पार्टी एक जुट भई यो व्यवस्थालाई मजबुद बनाउनु पर्दछ।”



कांग्रेसलाई बलियो बनाउन विधान अनुसार पार्टी चल्नुपर्ने भन्दै सङ्गठन पनि सोहीअनुसार विस्तार गर्नुपर्नेमा नेता सिंहले जोड दिए । प्रजातन्त्र तथा लोकतन्त्र ल्याउनमा कांग्रेसको भूमिका महत्त्वपूर्ण रहेको भन्दै उनले लोकतन्त्रलाई बचाइ राख्ने दायित्व पनि कांग्रेसको काँधमा आएको बताए । नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले पार्टीलाई बलियो बनाउन राजनीतिक दल जनताप्रति इमान्दार हुनुपर्नेमा जोड दिए।

> “ नेपाली कांग्रेसले अब आफ्नो नीतिमा सुधार गर्दै जनता केन्द्रित राजनीति गर्न जरुरी रहेको उनको भनाइ थियो ।

जनकपुर टुडे



# इक्वेडरको जेलमा बन्धक बनाइएका ४१ जना रिहा, १३६ जना अझै बन्धक

एएफपी

ग्वायाक्विल । इक्वेडरका कैदीहरूले बन्धक बनाएका ४० भन्दा बढी जेल अधिकारीहरूलाई मुक्त गरिएको जेल प्रशासनले शनिबार जनाएको छ।


कैदीहरूले बन्धक बनाएका २४ गार्ड र १७ प्रशासनिक कर्मचारीलाई 'रिहा गरिएको कारागार प्रशासनले जनाएको छ। प्रशासनले यसबारे थप विस्तृत विवरण भने उपलब्ध गराएको छैन। बन्धक बनाइएका १३३ गार्ड र तीन कर्मचारी अझै रिहा हुन सकेका छैनन्।

राष्ट्रपति डेनियल नोबोआले यसै हप्ता आपराधिक समूहहरूलाई सैन्य कारबाही सुरु गरेपछि दक्षिण अमेरिकी राष्ट्रमा नार्को गिरोहसँग घातक मुठभेड सुरु भएपछि ती कामदारहरूलाई बन्धक बनाइएको थियो।

यो सङ्कट देशको सबैभन्दा शक्तिशाली ड्रग कारोबार गर्ने समूहका एक नाइके फिटो भनिने जोस एडोल्फो म्यासियासको ग्वायाक्विल जेलबाट भागेपछि उत्पन्न भएको थियो।

फिटो भागेपछि जेलमा दङ्गा, बन्धक बनाउने र प्रहरीमाथि आक्रमणहरू भएका थिए।

भागेका कैंदीलाई खोज्न र बन्धकलाई रिहा गर्न स्थल, हवाई र समुद्री गस्तीका लागि २२ हजारभन्दा बढी सैनिक तैनाथ गरिएको छ। अधिकारीहरूले शहरका मुख्या भागमा कर्फ्यु लगाइ जेलहरूमा छापा मारेका छन्।



पेरुसँगको सीमा नजिक एल ओरोमा शनिबार कैदीहरूसँगको झडपमा मारिएका एक गार्डसहित कम्तीमा १९ जनाको हिंसामा मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

दक्षिणपश्चिमी माचला कारागारमा 'सशस्त्र भिडन्त' भएपछि सेना र प्रहरीले 'सुव्यवस्था र सामान्य स्थिति बहाली'का लागि छ वटा शहरका हिरासत केन्द्रमा छापा मारेका थिए। ग्वायाकिल कारागारपरिसरबाट शुक्रबार साँझ कम्तीमा पाँच जना कैदी भागेका थिए र तीमध्ये दुई जनालाई खोजी अभियानका क्रममा पक्राउ गरिएको प्रहरी स्रोतले जनाएको छ।

उनीहरू भागेलगत्तै सहरको उत्तरी बाहिरी इलाकामा रहेको विशाल कारागारको वरपर दुईवटा हेलिकप्टर र ड्रोन उडिरहेको देखिएको थियो।

इक्वेडरका कुख्यात अपराधीहरूलाई राखिएको कारागारको वरिपरि सैनिकहरूको सहयोगमा दर्जनौं प्रहरी अधिकारीहरू गस्ती गरिरहेका छन्। कुनै समय प्रमुख कोकिन उत्पादकहरूको बीचमा अवस्थित शान्तिको किल्ला, इक्वेडर संयुक्त राज्य अमेरिका र यूरोपमा लागुऔषध ढुवानी गर्न यसको बन्दरगाह प्रयोग गर्ने अन्तर्राष्ट्रिय कार्टेलहरूको वर्षौंको बढ्दो नियन्त्रणपछि सङ्कटमा फसेको छ।

करिब एक करोड ७० लाख जनसङ्ख्या रहेको यो देशमा आपराधिक गिरोहका २० हजारभन्दा बढी सदस्य रहेको अनुमान गरिएको छ।

पछिल्लो आधिकारिक रिपोर्टअनुसार ८५९ जना शङ्कास्पद व्यक्तिलाई पक्राउ गरिएको छ, २५ जना फरार कैदीलाई पुनः पक्राउ गरिएको छ, पाँच जना 'आतङ्ककारी' मारिएका छन् र ५७ जना अपहृत व्यक्तिहरूलाई रिहा गरिएको छ।

माचला कारागारमा कैद गरिएको र प्रहरीले पुष्टि गरेको एउटा डरलाग्दो भिडियोमा कैदीहरूको नियन्त्रणमा रहेको कारागारभित्रबाट प्लास्टिकमा बेरेर सडकमा फ्याँकिएको कैदीको शव देखिन्छ।

पछिल्ला दिनहरूमा पक्राउ परेका संदिग्ध गिरोहका सदस्यहरूलाई उपहास गरिएको, गीत गाउन बाध्य पारिएको, एकअर्कालाई कुटपिट गरेको वा सैनिकहरूले दुर्व्यवहार गरेको अन्य तस्बिरहरू सार्वजनिक भएका छन्।

# एन्फा अपिल कमिटीमा एपिएफको उजुरी




काठमाण्डु। सहिद स्मारक ए डिभिजन टोली थ्री स्टार क्लबका विषयमा अखिल नेपाल फुटबल संघ (एन्फा) को अनुशासन समितिले गरेको निर्णयकाविरुद्ध एपिएफ फुटबल क्लबले एन्फाकै अपिल कमिटीमा आइतबार उजुरी दिने भएको छ।

गत जेठमा सहिद स्मारक ए डिभिजन लिगको खेलका दौरान जेठ २८ गते दशरथ रंगशाालामा जावलाखेल युथ क्लबविरुद्धको खेलमा थ्री स्टारबाट दुई विदेशी खेलाडीले विना भिसा खेलेको प्रमाणित भएपछि त्यस विषयमा जरिवाना मात्र गर्ने एन्फाको अनुशासन समितिको निर्णयविरुद्ध एपिएफ अपिल कमिटी पुगेको हो। एपिएफकै उजुरीमा अनुशासन समितिले छानविन प्रक्रिया अघि बढाएको थियो।

अनुशासन समितिको पुस १५ गते बसकेको बैठकले थ्री स्टार र ती दुई विदेशी खेलाडी अजयी मार्टिन्स र पिटर सेगुनलाई श्रम स्वीकृती भएपनि विना भिसा खेलेको खेलाएको भन्दै जरिवाना गर्ने निर्णय गरेको बताइएको थियो।

एन्फाका महासचिव किरण राईले पुस १९ गते एपिएफलाई पठाएको पत्रमा एन्फाको विधान त्यसको अधिनमा बनेको सहिद स्मारक ए डिभिजन लिग फुटबको नियमावली समेतको व्यवस्थाका आधारमा मार्टिन्स र सेगुनले आफ्नो दायित्व पूरा नगरेको भन्दै जनही ५० हजार रुपैयाँ जरिवाना गराउने कारवाही भएको जानकारी गराएका थिए।

सोही पत्रमा त्यस्तै विना भिसा तथा विना श्रम स्वीकृति खेलाडीहरू सहभागी गराउने थ्री स्टार क्लबले पनि आफ्नो दायित्व पूरा नगरेको पाइएकाले विधान बमोजिम ३ लाख रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको जनाइएको थियो। सो निर्णय प्रति असन्तुष्ट रहेको एपिएफले अपिल कमिटीमा उजुरी दर्ता गराएको हो।

संघको अनुशासन समितिले कानुन बमोजिम अयोग्य दुबै विदेशी खेलाडीहरु र थ्री स्टार क्लबलाई नगद मात्र जरिवाना गराइएको पाइएको हुँदा फिफा डिसिपिलिनरी कोड २०२३ संस्करणको १९औं बुँदाको नं. १ र २ बमोजिम र २८औं बुँदाको नं. १ बमोजिम साथै एएफसी डिसिपिलिनरी एण्ड इथिक्स कोड २०१९ संस्करणको बुँदा ५६ को १, २ र ३ बमोजिम प्रतियोगितामा खेलाइएको उक्त खेललाई नै रद्द गराई दोषी टिमले प्राप्त गरेको अंक घटाउनु पर्नेमा सो नगरि जरिवाना मात्र गरिएकोले यस क्लबलाई गम्भिर मर्का पर्न गएको हुँदा पूर्ण रुपमा नियमको पालना गरिदिन हुन अपिल गर्दछौं,' एपिएफले बुझाएको उजुरी पत्रमा भनिएको छ।

> ए डिभिजन लिगको विद्यमान नतिजा समेत संशोधन गरी प्रतिष्ठित र गरिमामय लिग प्रतियोगितामा खेलप्रेमी र दर्शकहरुको पनि गम्भिर चासो र सरोकार रहेको उल्लेख गर्दै एपिएफले पत्रमा सम्बन्धित सम्पूर्णका लागि उक्त संशोधित नतिजा पुनः प्रकाशन गरिदिन अपिल गरेको छ।

ए डिभिजन लिगको विद्यमान नतिजा समेत संशोधन गरी प्रतिष्ठित र गरिमामय लिग प्रतियोगितामा खेलप्रेमी र दर्शकहरुको पनि गम्भिर चासो र सरोकार रहेको उल्लेख गर्दै एपिएफले पत्रमा सम्बन्धित सम्पूर्णका लागि उक्त संशोधित नतिजा पुनः प्रकाशन गरिदिन अपिल गरेको छ। सोही बिषय यसअघि सम्बन्धमा पटक-पटक पत्राचारहरु गरेको स्मरण गराउँदै एपिएफले अगाडि भनेको छ, 'विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र प्रतियोगिता सञ्चालन सम्बन्धि नियमावलीको मर्म विपरित खेलाइएको उक्त खेलमा एन्फाबाट उक्त क्लब तथा खेलाडीलाई जरिवाना मात्र गरिएको भन्ने जानकारी पत्र प्राप्त भएको हुँदा फिफा र एएफसीमा उल्लेख भए अनुरुपको कारवाही नभएका कारण ए डिभिजनको श्रेणीमा एपिएफ फुटबल क्लबलाई गम्भिर मर्का पर्न गएको हुँदा सो सम्बन्धमा नियमानुसार यथोचित सम्बोधन गरि सो को जानकारी यथाशक्य चाँडो दिन हुन समेत अपिल गर्दछौं।'

एपिएफले फिफा, एएफसी, युवा तथा खेलकुद मन्त्री, खेलकुद सचिव, राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव , एन्फा अध्यक्ष र महासचिव, ए डिभिजन लिग संयोजक र म्याच कमिस्नर , एन्फा अनुशासन समितिको अध्यक्ष र लिगको इन्टिग्रिटी कमिटीलाई उजुरीको बोधार्थ पठाउने भएको छ।

जावालखेलविरुद्ध १-० को जितपछि थ्री स्टारको ए डिभिजन हैसियत जोगिएको थियो भने एपिएफ बी डिभिजनमा घटुवा भएको थियो। थ्री स्टारले गैरकानुनी रुपमा खेलाडी खेलाएका कारण त्यो खेलको नतिजामा पनि कारवाही स्वरुप थ्री स्टारलाई ३-० ले हारेको निर्णय गर्नुपर्ने एपिएफले माग दाबी गर्दै आएको थियो।

'थ्री स्टारले गल्ती गरेको एन्फाको अनुशासन समितिले स्वीकार गरेको छ। तर कारवाही भने आधा मात्र भएको छ ,' एपिएफ फुटबल कोषाध्यक्ष विजय केसीले भने, 'निर्णय अधुरो भएकोले हामीलाई मर्का परेको छ। न्यायका लागि हामी त्यो निर्णयको विरुद्धमा एन्फाकै अपिल कमिटीमा गएका हौं। कमिटीबाट हामीले न्यायको आशा गरेका छौं।

# अमेरिकी जलवायु दूत केरी पदबाट राजीनामा दिने तयारीमा

एएफपी

वासिङ्टन।बाइडेनप्रशासनअन्तर्गत अमेरिकी जलवायु कूटनीतिको नेतृत्व सम्हालेका अमेरिकी जलवायु दूत जोन केरीले आगामी वसन्त ऋतुमा आफ्नो पदबाट राजीनामा दिने तयारी गरेको केरीनिकट स्रोतलाई उद्धृत गर्दै सीएनएनले शनिबार जनाएको छ।



पूर्व विदेशमन्त्री तथा राष्ट्रपतिका लागि डेमोक्रयाटिक पार्टीका तर्फबाट उम्मेदवार बनेका ८० वर्षीय केरीले तीन वटा अन्तर्राष्ट्रिय जलवायु शिखर सम्मेलनमा अमेरिकी वार्ताको नेतृत्व गर्नुभएको थियो।

एक्जिओसले केरीले राजीनामा दिने तयारी गरेको र बाइडेनको अभियानमा सामेल हुन चाहेको सबैभन्दा पहिले जानकारी गराएको थियो।

बाइडेन प्रशासनमा सामेल हुनुअघि केरीले जलवायुसम्बन्धी विषयमा लामो समयदेखि काम गर्नुभएको थियो। सन् २०१५ मा करिब २०० राष्ट्रले स्वीकार गरेको जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई सम्बोधन गर्ने उद्देश्यले गरिएको पेरिस सम्झौताको वार्तामा उहाँले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो।

सन् २०१९ मा केरीले जलवायु सङ्कटसँग जुध्न विश्वका नेता र सेलिब्रेटीहरूको द्विपक्षीय पहलको लागि विशेष भूमिका खेल्नुभएको थियो।

यस पहललाई जलवायु सङ्कटसँग जुध्नका लागि भएको 'वर्ल्ड वार जिरो' भनिन्छ।

केरीले दशकौंसम्म सिनेटमा जो बाइडेनसँगै काम गर्नुभएको थियो। उहाँ सन् १९८४ मा म्यासाचुसेट्सको प्रतिनिधित्व गर्न सिनेटमा पहिलो पटक निर्वाचित हुनुभएको र गभर्नर माइकल डुकाकिसको नेतृत्वमा राज्यको लेफ्टिनेन्ट गभर्नरको रूपमा सेवा गर्नुभएको थियो।

सन् २००४ को आम निर्वाचनमा तत्कालिन राष्ट्रपति जर्ज डब्लु बुससँग पराजित हुनुअघि केरीले डेमाक्रयाटिक पार्टीका तर्फबाट राष्ट्रपतिपदका लागि उम्मेदवारी मनोनयन गराउनुभएको थियो। सन् २००९ मा बाइडेन उपराष्ट्रपति भएपछि केरीले बाइडेनले सम्हाल्दै आएको सिनेटको विदेश सम्बन्ध समितिको अध्यक्षको जिम्मेवारी सम्हाल्नुभएको थियो। उहाँलाई सन् २०१२ मा बाराक ओबामाले विदेशमन्त्रीमा नियुक्त गर्नुभएको थियो।

केरीले भियतनामको नौसेनामा मेकोङ डेल्टामा गनबोट अफिसरको रूपमा पनि सेवा गर्नुभएको रप्रसिद्ध अमेरिकी पुरस्कार सिल्भर स्टार, ब्रोन्ज स्टार र थ्री पर्पल हार्ट्सबाट सम्मानित हुनुभएको छ।

# बलुचिस्तानमा बम विष्फोट, पाँच सैनिकसहित आठ जनाको मृत्यु

एएफपी

इस्लामावाद। पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा लडाकूसँग भएको झडपमा परी कम्तीमा पाँच पाकिस्तानी सैनिकको मृत्यु भएको पाकिस्तानी सेनाले आइतबार जनाएको छ।

घटना बलुचिस्तानको केच जिल्लामा शनिबार भएको हो। बलुचिस्तानमा सेनाले दशकौंदेखि विभिन्न विद्रोही समूहसँगसँग लडिरहेको छ।

"आतङ्ककारीहरूले सुरक्षा बलको गाडीलाई लक्षित गरी विस्फोट गराएका थिए भने त्यसपछि दुई पक्षबीच भीषण सशस्त्र झडप भएको सेनाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

"झडपका क्रममा सैनिकले वीरतापूर्वक लडेको र पाँच सैनिक अधिकारीले शहादत प्राप्त गरेका छन्," विज्ञप्तिमा भनिएको छ।

झडपमा तीन जना लडाकू पनि मारिएको बताइएको छ। चौविस करोडभन्दा बढी जनसंख्या भएको र सुरक्षा, आर्थिक र राजनीतिक सङ्कटसँग जुधिरहेको पाकिस्तानमा फेब्रुअरी ८ मा आम निर्वाचन हुने मिति तय भएको छ।

शनिबारको आक्रमणको कुनै पनि समूहले जिम्मेवारी लिएको छैन। जातीय बलोच पृथकतावादीहरूले वर्षौंदेखि यस इस्लामवादी र साम्प्रदायिक हिंसाले पनि प्रभावित यस क्षेत्रमा विद्रोह गरिरहेका छन्।




बेइजिङबाट सहयोग प्राप्त अर्बौं डलरको पूर्वाधार अभियान चीन-पाकिस्तान आर्थिक करिडोर (सीपीईसी) का लागि बलुचिस्तान पनि एक प्रमुख क्षेत्र हो।

बलोच पृथकतावादीहरूले यसअघि पनि सीपीईसी परियोजनाहरूमा आक्रमणको दाबी गर्दै आएका थिए र हिंसाको सामना गर्न यस क्षेत्रमा हजारौं पाकिस्तानी सुरक्षाकर्मीहरू तैनाथ छन्।

## अफगानिस्तानमा ११० वटा विकास परियोजना सुरु

सिन्ह्वा

काबुल। अफगानिस्तानको कामचलाउ सरकारको सार्वजनिक निर्माण मन्त्रालयले मार्च २१, २०२३ देखि हालसम्म ११० भन्दा बढी विकास तथा मर्मत सम्भार परियोजना सुरु गरेको मन्त्रालयका प्रवक्ता अशरफ हकशेनासले बताउनुभएको छ।

हकशेनसलाई उद्धृत गर्दै टोलोन्यूजले आइतबार प्रकाशित गरेको समाचारअनुसार विगत १० महिनामा दुई अर्ब अफगानी (एक अमेरिकी डलर बराबर ७० अफगानी रूपैया) मूल्यका ९० भन्दा बढी मर्मत सम्भार परियोजना सम्पन्न भएका छन्।

हकशेनासका अनुसार सुरु गरिएका परियोजनामा देशका विभिन्न भागमा करिब एक हजार किलोमिटर सडक, ३० वटा पुलका खम्बा, जलाशययुक्त बाँध र सुरक्षात्मक पर्खाल निर्माण भएका छन्।

काबुल-कान्दाहार राजमार्ग, अफगान रिङ रोड निर्माण र अफगानिस्तानको राष्ट्रिय राजधानी काबुललाई नौ वटा उत्तरी प्रान्तसँग जोड्ने सलाङ सुरुङको पुनर्निर्माण सार्वजनिक कार्यका लागि मन्त्रालयको उपलब्धिमध्ये एक हो।

# 'मानवतामा दाग लागेको' गाजा युद्धको १०० दिन

एएफपी

गाजा पट्टी। प्यालेस्टाइनमा कार्यरत संयुक्त राष्ट्रसङ्घका उच्च अधिकारीले गाजामा इजरायल र हमासबीच जारी युद्धले मानवतामा दाग लागेको बताउनुभएको छ।

प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकायका प्रमुख फिलिप लाजारिनीले गाजा पट्टीको भ्रमणका क्रममा जारी गरेको वक्तव्यमा भनिएको छ, "विगत १०० दिनको व्यापक मृत्यु, विनाश, विस्थापन, भोकमरी, क्षति र शोकले हाम्रो साझा मानवतामा दाग लागेको छ।"



लाजारिनीले अक्टोबर ७ मा हमास र अन्य समूहले गरेको 'भयानक आक्रमण'को निन्दा गरेका छन्, जसमा एक हजार १४० जनाको मृत्यु भएको थियो।

थप २५० जनालाई बन्धक बनाइएको र तीमध्ये १३२ जना गाजामै रहेको र २५ जनाको मृत्यु भएको अनुमान गरिएको इजरायली अधिकारीहरूले बताएका छन्।

"बन्धक र उनीहरूका परिवारका लागि १०० दिनको समय निराशा र चिन्ताबीच बितेको छ," लाजारिनीले भन्नुभयो।

इजरायलले गत अक्टोबर ७ देखि गाजामा आक्रमण गर्दा कम्तीमा २३ हजार ८४३ जनाको मृत्यु भएको प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ। लाजारिनीका अनुसार बालबालिकाको एउटा सिंगो पुस्ता 'आघातमा परेको' छ र निको हुन वर्षौं लाग्नेछ।

उहाँले भन्नुभयो, "बालबालिकालगायत अन्य मानिसहरू अमानवीय अवस्थामा बाँचिरहेका छन्, रोगहरू फैलिरहेका छन्।" "तिनीहरू बाँच्न नसक्ने ठाउँमा बाँचिरहेका छन् र समय अनिकालतिर लम्किरहेको छ।"

# उत्तर कोरियाले 'ब्यालेस्टिक क्षेप्यास्त्र' परीक्षण गरेको दक्षिण कोरियाली सेनाको दावी

एएफपी

सियोल। प्योङ्याङले दक्षिण कोरियासँगको तनावपूर्ण सामुद्रिक सीमा नजिक 'प्रत्यक्ष हतियार प्रहार' को अभ्यास गरेको केही दिनपछि उत्तर कोरियाले आइतबार अर्को एउटा ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको दक्षिण कोरियालीसेनाले जनाएको छ।

"उत्तर कोरियाले पूर्वी सागरतर्फ अज्ञात ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ," सियोलका ज्वाइन्ट चिफ अफ स्टाफले एक विज्ञप्तिमा भन्नुभएको छ। ज्वाइन्ट चिफ अफ स्टाफले प्रक्षेपण भएको पत्ता लागेको बताए पनि यसबारे थप विवरण भने दिएका छैनन्।

जापानको तटरक्षक बलले उत्तर कोरियाको रक्षा मन्त्रालय र चेतावनीवाहक जहाजहरूको जानकारीलाई उद्धृत गर्दै 'सम्भावित ब्यालेस्टिक क्षेप्यास्त्र' उत्तर कोरियाबाट प्रक्षेपण गरिएको बताएको छ।

उत्तर कोरियाले पछिल्लो पटक ह्वासोङ-१८ ठोस इन्धनले चल्ने अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्रको परीक्षण गरेको थियो।

केही दिनअघि उत्तर कोरियाले दक्षिण कोरियासँगको सामुद्रिक सीमा नजिक दुर्लभ 'प्रत्यक्ष आक्रमणको अभ्यास' गरेको थियो, जसका कारण केही दक्षिण कोरियाली सीमावर्ती टापुमा




सावधानीका लागि निर्देशन जारी गरिएको थियो।

उत्तर कोरियाली नेता किम जोङ उनले यसै साताको सुरुमा सियोललाई आफ्नो 'प्रमुख शत्रु' को संज्ञा दिँदै दक्षिण कोरियालाई ध्वस्त पार्न नहिचकिचाउने चेतावनी दिनुभएको छ।

"ऐतिहासिक समय अन्ततः आएको छ, अब हामीले दक्षिण कोरियालाई 'प्रमुख शत्रुराष्ट्र'को रूपमा परिभाषित गर्नुपर्छ," किमले बुधबार कोरियाली केन्द्रया समाचार निकाय (केसीएनए) लाई उद्धृत गर्दै भन्नुभएको छ। विश्लेषकहरूले त्यतिबेला यो परिवर्तन महत्वपूर्ण रहेको बताउनुभएको छ। उनीहरूले प्योङ्याङको सियोलप्रतिको दृष्टिकोणमा आएको परिवर्तनलाई 'अति-उग्र मोड' मा परिवर्तनको सङ्केत गरेको थियो। किमले आणविक शक्तिको रूपमा देशको स्थायी हैसियतलाई संविधानमा समावेश गरेपछि र धेरै उन्नत अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्रहरूको परीक्षण गरेपछि दुई कोरियाबीचको सम्बन्ध दशकौं यताकै सबैभन्दा खराब अवस्थामा पुगेको छ।

# नेप्से परिसूचक ३१ दशमलव ६२ अङ्कले बढ्यो

**टुडे समाचारदाता**

काठमाण्डु । यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३१ दशमलव ६२ अङ्कले बढेर दुई हजार एक सय २० दशमलव ६२ को विन्दुमा कायम भएको छ।

आइतबार तीन सय १४ कम्पनीको एक करोड ६६ लाख पाँच हजार दुई सय ३४ कित्ता सेयर ९४ हजार पाँच सय २६ पटक खरिद बिक्री हुँदा रू पाँच अर्ब ४५ करोड चार लाख २१ हजार आठ सय छ बराबरको कारोबार भएको छ।

आइतबार होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव ०१ र व्यापार समूह शून्य दशमलव ९४ अङ्कले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जनविद्युत समूह चार दशमलव ५८ र अन्य समूह दुई दशमलव ७७ प्रतिशतले बढेको छ।

जलविद्युत समूहका पाँच कम्पनीको शेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ । हिमालयन पावर पार्टनर लिमिटेड, कालिका पावर कम्पनी लिमिटेड, तेह्रथुम पावर कम्पनी लिमिटेड, मध्यभोकोशी जनविद्युत कम्पनी लिमिटेड र माथिल्लो मैलुङखोला जलविद्युत लिमिटेडको शेयर मूल्य दश प्रतिशतले बढेको हो। सबैभन्दा धेरै गुमाउनेमा भने मेगा म्युचुअल फण्ड-१ को शेयर मूल्य नौ दशमलव ५३ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याको आधारमा आइतबार सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड प्रमोटर शेयर रू ३५ करोड ६८ लाख ३८ हजार सात सय २० बराबरको १२ लाख ७४ हजार चार सय २४ कित्ता किनबेच भएको छ।

# ‘व्यवसायीलाई भुक्तानी गर्नुपर्ने रकम तत्काल निकासा हुन्छ’

**टुडे समाचारदाता**

काठमाण्डु । निर्माण व्यवसायीलाई सरकारका तर्फबाट भुक्तानी गर्नुपर्ने रकम तत्काल भुक्तानी हुने भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को कार्यकक्ष सिंहदरबारमा आइतबार सम्पन्न छलफलपछि निर्माण व्यवसायीले भुक्तानी पाउनुपर्ने रकम निकासाको प्रक्रिया आइतबारै अगाडि बढाउने निर्णय भएको हो।

अर्थमन्त्री डा प्रकाशशरण महत, भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वाला, मुख्यसचिव डा बैकुण्ठ अर्याल, अर्थसचिव डा कृष्णहरि पुष्कर, भौतिक मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालसहितको छलफलपछि आइतबारै भुक्तानीको प्रक्रिया अगाडि बढाउने निर्णय भएको हो।



छलफलमा प्रधानमन्त्रीले निर्माण व्यवसायीको गत आर्थिक वर्षकै भुक्तानी गर्न बाँकी रु एक अर्ब ७१ करोड र चालु आवको अहिलेसम्मको दायित्व गरी रु ६ अर्ब ३० करोड तत्काल निकासा गरेर विकास निर्माणका काममा गति दिन अर्थ मन्त्रालयलाई निर्देशन दिएको जनाइएको छ।

प्रधानमन्त्रीको निर्देशनपछि भएको छलफलमा अर्थ मन्त्रालयले आइतबारै भुक्तानीको प्रक्रिया अगाडि बढाउने निर्णय भएको हो। यो निर्णयसँगै विकास निर्माणका कामले गति लिने र अर्थतन्त्र थप चलायमान हुने अपेक्षा गरिएको छ।

# शिक्षा, स्वास्थ्य र कृषिमा प्राथमिकता

**टुडे समाचारदाता**

धुलिखेल । बनेपा नगरपालिकाले बजेट निर्माण गर्दा शिक्षा, स्वास्थ्य, कृषि र खेलकुदमा प्राथमिकता दिएको छ। नगर प्रमुख शान्तिरत्न शाक्यले आइतबार बनेपा नगरपालिकाको १३औं हिउँदे नगर अधिवेशन शुभारम्भका क्रममा सोबारे जानकारी दिँदै शिक्षाबिना कुनैपनि कुराको विकास असम्भव भएकाले शिक्षालाई बजेटमा पहिलो प्राथमिकता दिएको बताऐ।

सङ्घीयतापछि नगरको चौँथो हिउँदे अधिवेशन भएको र यो बजेट अधिवेशन नभए पनि आवश्यकताको आधारमा नगरको



नीति, नियम र कार्यविधि निर्माण गर्नु परेकाले केही कार्यविधिमाथि छलफल गरी अनुमोदन गराउनुपरेको उनले जानकारी गराऐ । शिक्षामा गुणस्तर बढाउन सामुदायिक विद्यायमध्ये चार वटालाई गत वर्ष नै नमुना विद्यालय बनाउन बजेट उपलब्ध गराइएको र यस वर्ष थप चार वटा विद्यालयलाई बजेट उपलब्ध गराउने तयारीमा रहेको पनि नगरप्रमुख शाक्यले बताए।

स्वास्थ्य क्षेत्रमा शिर मेमोरियल अस्पताल, रेयुकाई आँखा अस्पताल, अपाङ्ग बालअस्पताललगायत अस्पतालसँग समन्वय गरी नगरवासीको स्वास्थ्यमा सुधार ल्याउन सहकार्य गरिरहेको र नगरको आधारभूत अस्पताललाईसमेत थप व्यवस्थित बनाउँदै लागिएको उनको भनाइ थियो।

कृषि क्षेत्रको विकासका लागि वडा नं १, २ ३, ४, ११, १२, १३ र १४ नम्बर वडा कृषिको बढी उब्जाउ हुने क्षेत्र रहेकाले त्यहाँ कृषि उत्पादन र बजारीकरणका लागि सहयोग गर्दै आइएको र सङ्घीय सरकारबाट प्राप्त रु दुई करोडबाट वडा नं ८ मा बहुउपयोगी चिस्यान केन्द्र निर्माण गर्न लागिएको नगर प्रमुख शाक्यले बताए।

काभ्रे एकीकृत खानेपानीको योजनासमेत पुरानै आयोजनामा गाभेर वितरण गर्दै आइएको र बनेपा नगरपालिकाभित्र खानेपानीका लागि भएको स्रोतलाई व्यवस्थापन गर्दै अन्य ठाउँमा डिपबोरिङको योजना बनाइएको उल्लेख गर्दै उनले नगरभित्रका सांस्कृतिक धरोहरको संरक्षण र सम्वर्द्धन गर्ने काममा पनि सहयोग प्रदान गर्दै गरिएको छ भने।

# नौ करोड बजेट संशोधन प्रस्ताव

**टुडे समाचारदाता**

काठमाण्डु । काठमाडौं महानगरपालिकाको१४औंनगरसभामारु नौ कारोड बजेट संशोधन प्रस्ताव गरिएको छ। कामपाको प्रमुख बालेन्द्र शाह ( बालेन ) का अध्यक्षतामा आइतबार भएको



बैठकमा उक्त रकम बराबरको संशोधन प्रस्ताव उपप्रमुख सुनिता डङ्गोलले पेस गरेका हुन्।

कामपाको१३औं अधिवेशनबाट स्वीकृत चालु आर्थिक वर्ष २०८०र ०८१ को वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनको क्रममा छ। चालु आवमा कामपाको सञ्चित कोषमा आय तथा खर्चका लागि रु २४ अर्ब चार करोड ५४ लाख एक हजार विनियोजन गरिएको थियो ।

विनियोजित रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिएको, केही अत्यावश्यक योजना तथा कार्यक्रमहरुका लागि बजेट विनियोजन गर्नुपर्ने देखिएकाले संशोधन प्रस्ताव गर्नु परेको उपप्रमुख डङ्गोलको भनाइ छ । यसमध्ये यही पुस २६ गतेसम्ममा रु चार अर्ब २७ करोड ४१ लाख ५० हजार खर्च भएको छ बताइएको छ।

सभामा चालु आवमा गरिएको खर्चका विषयमा जानकारी गराउँदै उपप्रमुख डङ्गोलले भने, “अहिलेसम्म विनियोजन गरिएको रकमको १७।७८ प्रतिशत खर्च भएको छ जसमध्ये पूर्वाधार विकासमा ११।६४ प्रतिशत, आर्थिक विकासमा १३।३४ प्रतिशत र सामाजिक विकासमा १८।७९ प्रतिशत खर्च भएको छ।”

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ १०।८४ प्रतिशत खर्च भएको छ। “कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ३६।४७ प्रतिशत खर्च भएको छ,” उनले भने, “विकास निर्माण कार्यको भौतिक प्रगति बढी भए पनि कतिपय खर्च भुक्तानी प्रक्रियामा भएर लेखाङ्कन भई नसकेका कारण वित्तीय प्रगति कम देखिएको छ।”

चालु आवमा वर्षमा राजश्व आम्दानीतर्फ रु १० अर्ब ८० करोड ७८ लाख २० हजार लक्ष्य निर्धारण गरिएको थियो। त्यसमध्ये आन्तरिक राजश्व असुलीको लक्ष्य रु ६ अर्ब ३९ करोड २० लाख छ। यसमध्ये पुस रु २६ गतेसम्ममा रु चार अर्ब ७६ करोड ३३ लाख १२ हजार ६ सय २४ सङ्कलन भएको छ।

कामपा प्रवक्ता नवीन मानन्धरले सूचना तथा सञ्चार ऐन २०८० को पहिलो संशोधन, राजश्व समितिका संयोजक नवराज पराजुलीले आर्थिक ऐन २०८० को संशोधन विधेयक र सुशासन समितिका संयोजक ख्यामराज तिवारीले, जनप्रतिनिधिको सुविधासम्बन्धी ऐन २०७९ को पहिलो संशोधन विधेयक पेस गरेका छन् । यी विधेयक र संशोधन बजेट तथा कार्यक्रमसम्बन्धी माघ ३ गते बस्ने अधिवेशनको दोस्रो बैठकमा छलफल हुनेछ।

# औषधि उत्पादन तत्काल थाल्न निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले नेपाल औषधि लिमिटेडबाट औषधि उत्पादनका निम्ति



भएका प्रयासको सराहना गर्दै २० प्रकारका औषधि उत्पादनको काम तत्काल थाल्न निर्देशन दिएका छन्।

नेपाल औषधि लिमिटेडका अध्यक्ष यज्ञ न्यौपानेसहितको टोलीलाई आइतबार आफ्नै कार्यकक्षमा बोलाएर प्रधानमन्त्रीले तत्काल उत्पादन थाल्न निर्देशन दिएका हुन्।

त्यस अवसरमा प्रधानमन्त्रीले विगतमा नेपाल औषधि लिमिटेडले औषधि उत्पादनका क्षेत्रमा राम्रो काम गरेको र पछिल्लोसमय त्यसमा अवरोध देखिएको भन्दै नयाँ ढङ्गले काम अगाडि बढाउन निर्देशन दिए।

प्रधानमन्त्रीले भने, “विगतमा नेपाल औषधि लिमिटेडले औषधि उत्पादनका क्षेत्रमा राम्रो काम गरेको थियो, बीचमा चाहिँ तलमाथि भएको मैले बुझेँ । औषधि उत्पादनको कामलाई नयाँ ढङ्गले गति दिनुपर्छ भनेर नै मैले यो बैठक बोलाएको हुँ । तपाईहरू काम सुरू गर्नुस् सरकारको तर्फबाट जे-जस्तो सहयोग गर्नुपर्छ, त्यसका निम्ति म तयार छु।”

प्रधानमन्त्रीले अहिले २० वटा औषधि उत्पादनबाट काम सुरू गरेर भविष्यमा त्यसको गुण र मात्रा दुवै बढाउनुपर्नेमा जोड दिए। उनले भने, “देश आत्मनिर्भर बन्ने आशालाग्दो एउटा क्षेत्र यो पनि हो । सबै कुरा एकैपटक नहोला। तपाईहरू काम सुरू गर्नुस्। म पनि अर्थ मन्त्रालय र उद्योग मन्त्रालयसँग थप छलफल गर्छु । यस क्षेत्रमा जनतालाई महसुस हुनेगरी काम गरौं।”

औषधि लिमिटेडका अध्यक्ष न्यौपानेले हाल १० प्रकारका औषधिहरू उत्पादन भइरहेको र तत्काल २० प्रकारका औषधि उत्पादनका लागि आवश्यक गृहकार्य जारी रहेको जानकारी दिनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ।

अध्यक्ष न्यौपानेले औषधि लिमिटेडले भुक्तानी गर्नुपर्ने विगतको दायित्वका कारण काम प्रभावकारी हुन नसकेको बताउँदै केही प्राविधिक जनशक्तिको व्यवस्था, मेसिनहरूको गुणस्तर वृद्धि र केही नयाँ मेसिन खरिद गरी उत्पादनलाई व्यवस्थित तुल्याइने प्रतिबद्धता व्यक्त गरे।

# उपकरण मर्मत गरी सञ्चालन गर्दै मन्त्रालय

**टुडे समाचारदाता**

काठमाण्डु।स्वास्थ्यतथाजनसंख्या मन्त्रालयले देशका विभिन्न अस्पतालमा बिग्रिएका औजार/उपकरण मर्मत गरी सञ्चालन गर्न थालेको छ। सोहीअनुसार मन्त्रालयले सातवटै प्रदेशमा ‘ बायोमेडिकल वर्कसप’ स्थापना गरेको छ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले मन्त्रालयले नीति अनुसार नै नयाँ उपकरण किन्नुभन्दा पनि बिग्रिएका तथा पुराना उपकरणको मर्मत गरी सञ्चालन गर्न थालेको बताए। “स्वास्थ्यका धेरै उपकरण बिग्रेर सञ्चालन भएका छैनन्। ती उपकरणलाई हामीले मर्मत गरी सञ्चालन गरिरहेका छौं”, उनले भने।

स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाले पुराना तथा बिग्रिएका उपकरणको मर्मत गरी सञ्चालन गर्नका लागि ‘ बायोमेडिकल वर्कसप’ स्थापना गरेको छ। महाशाखाका आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा सुरेन्द्र चौरसियाले सातवटै प्रदेशमा अहिले पुराना, नचल्ने उपकरण मर्मत गरी सञ्चालन गर्ने कार्य भइरहेको जानकारी दिए। उनका अनुसार मधेश र कोशी प्रदेशबाहेक सबै प्रदेशमा वर्कसप स्थापना गरिएको छ।

“पुराना, बिग्रिएका सामान मर्मत गरी सञ्चालन हुन्छन् भनेर पुराना उपकरण मर्मत गरिरहेका छौं”, चौरसियाले भने, “यसले गर्दा राज्यको पैसा पनि बचत हुने र पुराना उपकरण मर्मत भई प्रयोगमा ल्याउन सकिन्छ । कम खर्चमा स्वास्थ्य उपकरण प्रयोग गर्न सकेमा अस्पतालहरुमा आवश्यकताअनुसार उपकरण उपलब्ध गराउन पनि सकिन्छ।” उनका अनुसार वर्कसप प्रदेश सरकारको सहयोगमा स्थापना गरिएको हो।

# माघीको चहलपहल सुरु

**टुडे समाचारदाता**

राँझा। थारु समुदायमा माघी पर्वको रौनक सुरु भएको छ। नयाँ वर्षको रुपमा लिइने माघीले थारु समुदाय तथा बस्ती उल्लासमय भएका छन्।



पुसको अन्तिमदेखि माघको मध्यसम्ममा थारु समुदायले माघी पर्व मनाउने बाँकेका थारु अगुवा रामदास थारुले बताए। “माघीको अवसरमा नाचिने माघी, छोक्रा, हुर्दुग्वा, लठहवालगायतका नाँच थारु गाउँमा सुरु भएका छन्”, उनले भने, “गाउँगाउँमा नाचसँगै माघीको चहलपहल सुरु भएको छ । माघीकै अवसरमा घरघरमा नाचगान गरेर दक्षिणा उठाउने चलन पनि छ।”

थारु समुदायमा माघीलाई विशेष महत्त्वका साथ हेरिन्छ । माघीदेखि नै समुदायमा नयाँ काम सुरु गर्नुका साथै नयाँ व्यवस्था लागु हुने भएकाले यसलाई विशेष महत्त्वका साथ हेरिने बैजनाथका थारु अगुवा चन्द्रबहादुर चौधरीले बताए । “यो पर्वलाई समुदायमा आ-आफ्नै तरिकाले मनाउने गरिएको छ । तर नीति व्यवस्था र गाउँ सञ्चालन प्रक्रिया एक वर्षलाई एउटै हुने भएकाले यसको विशेष महत्त्व रहन्छ”, उनले भने।

माघी थारू समुदायको चाड मात्रै नभएर यस अवसरमा नयाँ रीतिथिति, नयाँ अगुवा (मतहवा, भल्मन्सा, मतहवा, बरघर) चुन्ने र नीति नियम निर्माण गर्ने पर्वका रुपमा रहेको चौधरीको भनाइ थियो। पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा थारु समुदायको बाक्लो बस्ती रहेकाले पनि माघीमा यी जिल्लामा विशेष महत्त्वकासाथ मनाउने गरिन्छ।

गाउँको अगुवा, प्रमुखदेखि चौकीदारसम्म चुनिने, वर्षभरिका लागि कसलाई के जिम्मेवारी दिने, घरको मूली को बन्ने, लेनदेन, घरसल्लाहलगायत विषयमा छलफल हुने भएकाले यसलाई नयाँ आर्थिक वर्षको रुपमा पनि थारु समुदायले लिने गरेका राप्ती सोनार-३ बैजापुरका थारु अगुवा तुलसीराम थारुले बताए । “विशेष गरेर पुसको अन्तिम दिनदेखि माघीको रौनकता बढ्छ । अहिले थारु गाउँगाउँमा रातभर आगो बाल्ने चलनअनुसार दाउरा सङ्कलन, पिसान कुटान, रङ्गरोगन, जाँड तथा ढिक्री पकाउने तथा खानाका अन्य परिकार बनाउने काम पुरा भएको छ”, उनले भने, “माघीको अवसरमा विभिन्न ठाउँमा मेला महोत्सवको समेत आयोजना हुन गर्दछन्।”

तुलसीरामका अनुसार थारु समुदायमा माघ १ गतेको अघिल्लो दिन रातभरी आगोको धुनी बालेर ताप्ने गर्दछन् । गाउँभरिका मानिसहरु एकठाउँमा जम्मा भएर गाउँको एक ठाउँमा आगो बालेर रातभर रमाइलो गर्दछन् । राती आगो ताप्ने, बिहान भाले बासेसँगै नदी, खोलामा नुहाउने गर्दछन्। नुहाएर आफुभन्दा ठूलासँग आशिर्वाद लिने र सानालाई स्नेह गर्ने चलन रहेको उनको भनाइ थियो।

“माघ २ गते गाउँको भेला बोलाएर अगुवा छान्ने र नीति नियम बनाउने चलन छ। त्यसपछि केही दिन नाचगान गरेर पर्व मनाउने गरिन्छ”, तुलसीरामले भने। माघी पर्वसँगै थारु सँस्कृति संरक्षण र रमाइलोका लागि मगौटा नाचगान पनि सुरु भएको बैजनाथ-१ च्यामाका गणेश थारुले जानकारी दिए।

**भुवरभवानीमा माघी मेला**

थारु समुदायको मुख्य पर्व माघीको अवसरमा बाँकेको राप्ती सोनारी गाउँपालिका-३ स्थित भुवर भवानी मन्दिर परिसरमा आइतबारदेखि माघको ४ गतेसम्म माघी मेला लागेको छ।

बैजापुरस्थित भुवरभवानी मन्दिर परिसरमा प्रत्येक वर्ष माघी पर्वको अवसरमा लाग्ने माघी मेलामा बाँकोका साथै छिमेकी जिल्ला र भारतबाट समेत भक्तजनहरु यहाँ पुग्ने गरेका मेलाका संरक्षक एवं वडा नं ३ का वडाध्यक्ष मीनकुमार थारुले जानकारी दिए। “यो मन्दिर नेपाल र भारतमा प्रचलित भएकाले यसको प्रचारप्रसारका लागि मेला आयोजना गर्ने गरेका छौं”, उनले भने, “धर्म र आस्थाको संरक्षणका लागि बाहिरी पर्यटन भित्र्याउन मेला सहयोगी बन्दै आएको छ।”

विसं २०१३ मा स्थापना भएको भुवरभवानी मन्दिरमा वर्षमा तीन पटक विशेष पूजासँगै लाग्ने मेलामा व्यापार व्यवसायका साथै मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन हुने वडाध्यक्ष थारुले जानकारी दिए।

# आठ करोड बढीको सुन्तला उत्पादन

**टुडे समाचारदाता**

नवलपरासी । नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा यस वर्ष रु आठ करोड ७४ लाख ९० हजार बराबरको सुन्तला उत्पादन भएको छ।

जिल्लामा सुन्तला जोन कार्यक्रमअन्तर्गत आठ सय १८ हेक्टरमा सुन्तलाखेती हुने गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका सूचना अधिकारी रणबहादुर महतोले बताए । “यस वर्ष जिल्लामा एक हजार तीन सय ४६ मेट्रिकटन सुन्तला उत्पादन भएकामा सो बिक्रीबापत कृषकले रु आठ करोड ७४ लाख ९० हजार अम्दानी गरेका छन्”, उनले भने। गत वर्षभन्दा यस वर्ष सात दशमलव ८६ प्रतिशतले सुन्तला उत्पादन वृद्धि भएको सूचना अधिकारी महतोले बताए।

गत आर्थिक वर्ष २०७९/८० मा जिल्लामा एक हजार दुई सय ५० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । यसबाट रु सात करोड ५० लाख बराबरको आम्दानी भएको महतोले जानकारी दिए ।सुन्तलाखेती गरिएको जमिनमध्ये एक सय ३२ हेक्टरमा प्रतिहेक्टर १० हजार मेट्रिकटन उत्पादन हुने गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना नवलपुरका प्रमुख सुनिलकुमार सिंहले बताए।



“जिल्लाको बौदिकाली, बुलिङ्टार गाउँपालिका, गैंडाकोट नगरपालिका- १८, हुप्सेकोट वडा नं ५, देवचुली वडा नं ६, मध्यबिन्दु-८ र १५ वडा गरी कूल १७ वडामा सुन्तला जोन कार्यक्रम सञ्चालन गरिएको छ”, उनले भने, “पहिले सामान्यरुपमा सुन्तला लगाउने किसानले सुन्तला जोन कार्यक्रमपछि सरकारबाट विभिन्न खालका प्राविधिक सहयोग र अनुदान प्राप्त गरेर यसतर्फ आकर्षण बढ्दै गएको देखिन्छ।”

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आव २०७५/७६ देखि नवलपरासी(बर्दघाट सुस्तापूर्व)मा सञ्चालनमा आएको हो। जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागू नभएका केही स्थानमा पनि सुन्तलाखेती हुने गरेको कृषि ज्ञानकेन्द्र नवलपुरका सूचना अधिकारी विश्वास काफ्लेले बताए। पछिल्लो समय जिल्लाको पहाडी क्षेत्रका किसानको जीविकोपार्जनको गतिलो माध्यम सुन्तला बन्दै गएको छ।

बौदीकाली गाउँपालिका-५ बबकका कृषक गेसबहादुर रानाले यो याममा सुन्तला उत्पादनमा वृद्धि भएको बताए। “यो क्षेत्रमा अन्य खेतीभन्दा सुन्तला राम्रो उत्पादन हुने गरेको छ, अघिल्ला वर्षमा बजारको समस्या हुने गरेकामा यस वर्ष कतिपय व्यापारी बगैंचामै पुगेर खरिद गरेको हुँदा किसानलाई सुन्तला बिक्रीमा सहजता मिलेको छ”, उनले भने।

# तेस्रो चरणको मुआब्जा वितरण



टुडे समाचारदाता

जनकपुरधाम । नेपाल सरकारको स्वामित्वमा रहेको रेल विभागले भंगहादेखि बर्दिवाससम्म १७ किलोमिटरमा पर्ने १ सय २३ विघा मध्ये ८ सय ६० कित्ताको करिब दुई अर्ब ३० करोड रुपैयाँ बराबरको मुआब्जा वितरण गरी सो जग्गा आफ्नो अधीनमा लिएको छ।

रेल विभाग साइड कार्यालय जनकपुरधामका अनुसार भंगहादेखि बर्दिवाससम्म रेल सञ्चालन गर्न रेल लिंक निर्माणको लागि सो क्षेत्रमा पर्ने सर्वसाधारणको जग्गा अधिग्रहण गरी ८० प्रतिशत मुआब्जा वितरण गरिसकेको इन्जिनियर विनोद ओझाले बताए। क्षतिपूर्ति वितरण गर्न बाँकी रहेको २० प्रतिशत जग्गामा घर रुखहरु रहेकोले सोको विवरण लिने काम भइरहेको उनले बताए।

भारतको जयनगरदेखि महोत्तरी जिल्लाको बर्दिवाससम्म ६९ किलोमिटर लामो रेल्वे लिक तीन चरणमा निर्माण गरिएको छ। जस अन्तर्गत पहिलो चरणमा भारतको जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर, दोस्रो चरणमा कुर्थादेखि भंगहासम्म १७ किलोमिटर रेल्वे लिक निर्माण कार्य सम्पन्न भइ त्यहाँ पनि रेल सेवा सञ्चालनमा रहेको छ। तेस्रो चरण अन्तर्गत भंगहादेखि बर्दिवाससम्म १७ किलोमिटर अन्तर्गत मुआब्जा वितरण गरी अधिग्रहण भइसकेको जग्गामा सर्वेको काम भइरहेको छ। नेपाल र भारतका संयुक्त प्राविधिक टोलीले लोकेशन अनुसार सर्वेको काम गरिरहेको उनले बताए।

जग्गा प्राप्ति ऐन २०३४ अनुसार मुआब्जा दिने जग्गालाई तीन प्रकारले वर्गीकरण गरेको छ। जस अनुसार साविक भंगहा अन्तर्गत पर्ने जग्गा मूल्य प्रतिकट्ठा १ लाख ५० हजारदेखि ८ लाखसम्म, किसान नगरको जग्गालाई प्रतिकट्ठा २ लाखदेखि ८ लाखसम्म, आदर्श नगर बेंगाडावरको जग्गालाई प्रतिकट्ठा ३ लाखदेखि ३५ लाखसम्म र बर्दिवासमा प्रतिकट्ठा ८ लाखदेखि ८१ लाखसम्म मुआब्जा वितरण भइरहेको बताइएको छ। प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको मुआब्जा निर्धारण समितिले तोकेको मूल्य अनुसार मुआब्जा वितरण गरिएको छ।

भारतको जयनगरदेखि महोत्तरीको बर्दिवाससम्म ६९ किलोमिटर लम्बाई मध्ये हाल जयनगरदेखि भंगहासम्म ५१ किलोमिटर क्षेत्रमा रेल्वे सेवा सञ्चालनमा रहेको छ। भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा जयनगरदेखि भंगहासम्म निर्माण भएको ट्र्याक बेडमा हाल रेलसेवा नियमित रुपमा सञ्चालनमा रहेको सो कार्यालयले जनाएको छ।

गणतान्त्रिक नेपालका पहिलो राष्ट्रपति डा. रामवरण यादवको ई.२०१० मा भएको भारत भ्रमणको क्रममा भएको द्विपक्षीय सम्झौता अनुसार नेपालमा रेल सञ्चालन विस्तार भइरहेको छ। विक्रम सम्वत् २०७८ चैत ११ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रुपमा उद्घाटन गरेपछि चैत २० गतेदेखि जनकपुरबाट कुर्थासम्म ३५ किलोमिटर रेल सेवा सञ्चालनमा आएको थियो। सम्झौता अनुसार भारत सरकारले जलपाई गोडीदेखि काकडभिठ्ठा, बथनाहादेखि विराटनगर, जयनगर, जनकपुरधाम, बर्दिवास, नौतनमा, भैरहवा, रुपैडिहा, नेपालगञ्जमा रेल सेवा सञ्चालन गर्ने सम्झौता भएको इन्जिनियर ओझाले बताए।

भारतीय सरकारको स्वामित्वमा रहेको इकाँन कम्पनीले रेल्वे लिक निर्माण सम्बन्धी काम गरिरहेको छ भने नेपाल सरकारले रेल लिक निर्माण गर्न आवश्यक पर्ने जग्गा र मुआब्जा मात्र उपलब्ध गराउने र बाँकी काम सम्झौता अनुसार भारत सरकारले गरिरहेको छ।

# प्रक्रियामा ढिलाइ हुँदा काठ सड्दै

टुडे समाचारदाता

जलेश्वर। लामो समयदेखि वनक्षेत्रमा थाक लगाएर राखिएका बहुमूल्य काठ धोत्रिन थालेका छन्। न्यायिक निकायबाट समयमै मुद्दा किनारा नलाग्दा जिल्लाका वनक्षेत्रमा राखिएका काठ सड्न र धोत्रिन थालेका छन्।

वनक्षेत्रबाट चोरी तथा कटानका क्रममा वन सुरक्षाकर्मीले नियन्त्रणमा लिएका काठ न्यायिक निकायबाट मुद्दाको छिनोफानो नहुँदा लिलामी प्रक्रियामा जान नसकिएको डिभिजन वन कार्यालयले जनाएको छ। यसरी वनसम्बन्धी मुद्दा नछिनिँदा एकातर्फ बहुमूल्य काठ धोत्रिदै सड्न थालेका छन् भने सर्वसाधारणले काठ खरिद गर्न पाउनबाट वञ्चित भएका कार्यालयका प्रमुख सन्तोष झाले बताए।

"हामीले घरायसी काम, बार तथा पर्खाल लगाउन स-साना हाँगाबिगा किन्न समेत पाएका छैनौँ, यहाँ सडेर बसेको छ", बर्दिबास-२ का भोला महतोले भने, "समयमै बिक्री, लिलामी गरेमा काठ सदुपयोग हुने थियो। स्थानीयले आवशयकता अनुसार खरिद गर्न पाउने थिए।" वनसम्बद्ध मुद्दा हेर्ने न्यायिक निकायको ढिलाइले थाक लगाइएका काठ वर्षौंदेखि घामपानीले धोत्रिन थालेका उनको भनाइ थियो।

चोरी कटान भएका काठ नियन्त्रणमा लिएपछि त्यसको प्रारम्भिक न्यायिक सुनवाइ जिल्लास्थित डिभिजन वन कार्यालय र जिल्ला अदालतमा हुने व्यवस्था छ। चोरी निकासीका क्रममा वा चोरी कटान गरी लुकाइछिपाइ राखिएका काठ सम्बन्धी मुद्दाका कारबाही अगाडि बढाउँदा दुई लाख बिगोभित्रका मुद्दा वन कार्यालयको इजलासले सुनुवाइ गर्ने व्यवस्था छ। दुई लाखभन्दा बढीका काठ बरामद भएका सो सम्बन्धी मुद्दा जिल्ला अदालतमा हुने कानुनी व्यवस्था रहेको कार्यालय प्रमुख झाले जानकारी दिए।

प्रमुख झाका अनुसार नियन्त्रणमा लिइ कारबाही तथा मुद्दा फछ्र्यौटका क्रममा रहेका काठ वन कार्यालयअन्तर्गत रहेको सशस्त्र वन सुरक्षा शाखा बर्दिबास-४ माइस्थान कार्यालय र यसक्षेत्रका चारवटा सव डिभिजन वन कार्यालय परिसरमा थाक लगाएर राखिएको छ। मुद्दा किनारा नलागी उक्त काठ बिक्री तथा लिलाम गर्न नपाइने व्यवस्थाका कारण राखिएको ठाउँमा नै धोत्रिदै गएका वनसम्बद्ध अधिकारीको भनाइ छ। मुद्दा किनारा नलागी काठ लिलाम तथा बिक्री गर्न कानुनी प्रक्रिया नपुग्दा बरामद गरी राखिएका काठ सड्न थालेका प्रमुख झाले बताए। उनका अनुसार अहिले



**वनसम्बन्धी मुद्दा नछिनिँदा एकातर्फ बहुमूल्य काठ धोत्रिदै सड्न थालेका छन् भने सर्वसाधारणले काठ खरिद गर्न पाउनबाट वञ्चित भएका कार्यालयका प्रमुख सन्तोष झाले बताए ।**

करिब चार हजार क्यूबीफिट साखु र अन्य काठका गिड (गिण्डा) लिलामीका लागि अदालती निर्णयको पर्खाइमा छन्। लिलामीका लागि अदालती फैसला कुर्नु परेको भन्दै थन्काइएका काठको मूल्य एक करोडसम्म पर्ने वन कार्यालयका कर्मचारीको भनाइ छ।

"चोरी कटानबाट नियन्त्रणमा लिइएका काठ लामो समयदेखि घामपानीले सड्ने र धोत्रिदै गएका छन्" झाले भने, "थाकमा रहेका काठको लिलामीका लागि अदालती फैसला कुर्नु पर्ने बाध्यात्मक कानुनी व्यवस्थाका कारण बिक्री गर्न सकिएको छैन।"

डिभिजन वन कार्यालयमा विसं २०४८ यता हालसम्म दुई सय भन्दाबढी वन मुद्दा (काठ चोरी निकासी सम्बन्धी) रहेका डिभिजन प्रमुख झाको भनाइ थियो। उनका अनुसार यी मुद्दा दुई लाख बिगोभित्रका हुन्। यसबाहेक दुई लाखभन्दा बढी बिगोका मुद्दा जिल्ला अदालत महोत्तरीमा विचाराधीन रहेका कार्यालयले जनाएको छ। अदालतमा मुद्दाको अत्यधिक चापका साथै मुद्दा फैसला प्रक्रियामा पुग्न नसकेका (अभियुक्तमध्ये केही फरार रहेका, साक्षी वकपत्र हुन नसकेका) ले फैसलामा ढिलाइ भएको झाले जानकारी दिए। उनका अनुसार यसबाहेक पूर्व-पश्चिम रेल मार्ग र विद्युत् प्रसारण लाइन निर्माणका लागि कटान गरिएका काठमध्ये साखु बिक्री भए पनि साझेदारी वन उपभोक्ता समितिको जिम्मेवारीमा रहेका काठ अझै वनमा थाक लगाएर राखिएका छन्।

पछिल्ला केही दिनयता जिल्लाका तीन साझेदारी वन उपभोक्ता समितिमा नयाँ नेतृत्व चयन भएका भन्दै यसअघि नेतृत्वको नहुँदा पनि काममा ढिलाइ भएको प्रमुख झाको भनाइ थियो। "समितिमा केहीदिनअघि मात्रै नयाँ निर्वाचित पदाधिकारीले जिम्मेवारी लिएका छन्। अब केही दिनभित्रै यसको टुङ्गो लाग्छ र डिभिजन कार्यालयले हेर्ने मुद्दाको छिनोफानो गर्ने प्रक्रिया अगाडि बढाउने छौँ", उनले भने।

# ठगीधन्धाविरुद्ध भण्डाफोर अभियान



टुडे समाचारदाता

जनकपुरधाम। जीवन बीमा कम्पनी एलआइसीले मधेश प्रदेशमा निर्वाधरुपमा ठगी धन्धा चलाइ रहेको आरोप एक पीडित बीमाकर्ताले लगाएका छन्।

एलआईसीनेपालमधेशप्रदेश कार्यालयले केही वर्षदेखि मधेश प्रदेशमा गरिरहेको ठगीधन्धाको भण्डाफोर गर्दै बीमाकर्ता सत्येन्द्र पाण्डेले नेपालको कानुनको उपहास हुँदा पनि कुनै किसिमको कारवाही नहुनु दुःखद रहेको बताए। बीमाकर्ता पाण्डेले जारी गरेका विज्ञप्तिमा नेपालको कानुन विपरीत बिना प्रक्रिया पुऱ्याई रौतहतदेखि धनुषासम्ममा दर्जनौं व्यक्तिको लाखौं रुपैयाँ अनियमितता गरेको प्रमाणहरु रहेको आरोप लगाए।

पीडित बीमाकर्ता पाण्डेले एलआईसी नेपालमा गैर कानुनीरुपमा काम गर्नेलाई पुरस्कारस्वरुप पदोन्नति गर्दै मधेश प्रदेश कार्यालयको प्रमुखसमेत बनाएको प्रति एलआईसी नेपालको रवैया र सेवाग्राहीलाई भ्रममा राखेर ठगीधन्धा निर्वाधरुपमा संचालन हुनुमा सरकारको समेत संलग्नता रहेको पुष्टि भएको आरोप लगाए।

उनले एलआईसी नेपालविरुद्धमा अनेकन प्रमाण रहे पनि कारबाही नहुञ्जेलसम्म गलत क्रियाकलापसहितको भण्डाफोर अभियान जारी रहने जानकारी दिए।

# बाह्र लाख मूल्य बराबरको काठ बरामद

टुडे समाचारदाता

राजविराज। सप्तरीबाट सशस्त्र प्रहरीले १२ लाख बराबरको काठसहित एक पिकअप गाडीलाई आइतबार नियन्त्रणमा लिएको छ। भारदहस्थित कोशी ब्यारेजबाट खटिएको सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस क्याम्पको प्रहरी टोलीले काठसहित सो गाडी नियन्त्रणमा लिएको छ।

पश्चिमबाट पूर्वतर्फ गइरहेको प्र २-०१-००१च ०२६० नं को बोलेरो पिकअप गाडीलाई नियन्त्रणमा लिइएको सप्तरीस्थित सशस्त्र प्रहरी बल, नेपाल नं ६ गणका सूचना अधिकृत तथा सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज विष्टले जानकारी दिए।

गाडीमा बिनाबिलविजक लोड गरिएको २६ दशमलब ६६ क्यूविक फिट काठ बरामद गरिएको र नियन्त्रणमा लिइएको काठ तथा सवारीसाधनलाई सव डिभिजन वन कार्यालयमा बुझाइएको उनको भनाइ थियो।

# चोरीको गाडीसहित सात पक्राउ



टुडे समाचारदाता

जनकपुरधाम। चोरीको चार गाडीसहित सात जनालाई जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ गरी सार्वजनिक गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले आइतबार पत्रकार सम्मेलन गरी भारतबाट चोरी गरी ल्याएका चार पांग्रे गाडीसहित त्यसको बिक्री वितरणमा संलग्न गिरोहलाई पक्राउ गरी सार्वजनिक गरिएको छ। प्रहरीले भारतबाट चोरी गरी ल्याएका गाडी नेपाली भनेर बिक्री वितरण गर्ने कार्यमा संलग्न रहेको आरोपमा ७ जनालाई पक्राउ गरेको छ।

महोत्तरी जलेश्वर नगरपालिका-३ बस्ने ५० वर्षीय मोख्तार अन्सारी र लोहरपट्टी नगरपालिका ६ बस्ने जमजम भन्ने ४० वर्षीय अन्सारुल कवाडीलाई गिरोहको मुख्य नाइकेको रुपमा पक्राउ गरेको छ। अन्सारी नै भारतीय व्यक्तिहरुसँग गाडीको डिल गरी नेपाल ल्याउने, नेपाली नम्बर र गाडीको बिलबुकको व्यवस्थापन गर्ने गरेका थिए। त्यसैगरि, अन्सारीका मुख्य सहयोगीको रुपमा पक्राउ परेका कवाडीलाई काम गर्ने गरेका थिए।

भारतबाट ल्याएका गाडीलाई नेपाली भनेर कवाडीले नै बिक्री वित्तरण गर्ने गरेको पत्रकार सम्मेलनमा धनुषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए। त्यस्तै कवाडीले वैदेशिक रोजगारीबाट फर्केका महोत्तरी लोहारपट्टीकै अजिम राईनसँग प्रदेश २-०३-००१ च ५४८७ र लोहारपट्टीकै रोशन कुमार ठाकुरसँग प्रदेश २-०३-००१ च ११४० नम्बरको गाडी बिक्री गरेको उनले बताए।

जनकपुरधाम-२३ बिन्धीका आविद नदाफले लोहरपट्टीकै नातामा भिनाजु पर्ने अख्तर नदाफसँग भाडामा चलाउन प्रदेश २-०३-००१ च ३७३९ गाडी लिएका लिएका थिए। त्यसैगरि, लोहारपट्टी ६ बस्ने २८ वर्षीय मोबारक अलीले आफ्नासाथीसँग ७ महिना अघि प्रदेश २-०३-००१ च ०११० नम्बरको गाडी भाडामा लिई चलाक धनुषाको धनुषाधाम नगरपालिका ३ बस्ने पंकज शर्माको जिम्मा लगाएका थिए। प्रहरीले पाँचै जनालाई अनुसन्धानका लागि अहिले थुनामै राखेको छ।

प्रहरी उपरीक्षक शर्माले भने-'भारतबाट ल्याएका गाडीलाई नेपाली नम्बर प्लेट भनेर बिक्री वितरण गर्ने गिरोहमा दुई जनालाई पक्राउ गर्ने सफल भएका छौ, एक जना अझै फरार छन्। तर बाँकीका पाँच जना मध्ये केही चालक छन्, केही व्यक्ति झुक्किएर गाडी खरिद गरी भाडामा चलाउदै आएका थिए।'

पक्राउ गरिएका अन्सारी र कवाडी माथि किर्ते र ठगि मुद्दा चलाएका छौ, उपरीक्षक शर्माले भने,' बाँकी रहेका ५ जनालाई थप अनुसन्धान गरिरहेका छौ।' ८ वटा गाडी भारतबाट ल्याएर नेपाली भनेर प्लेट लगाएर संचालन भईरहको हामीले अनुसन्धानमा पाएका छौ,उनले भने,' तर ४ वटा गाडी पक्राउ गरिएपछि बाँकी गाडीहरु अहिले लुकाएर राखिएको छ। त्यस कारण ती गाडीहरुको खोजी हामी गरिरहेका छौ।'

# आज तिलासंक्रान्ति पर्व मनाइँदै

टुडे समाचारदाता

जनकपुरधाम। प्रत्येक वर्ष सौर मासअनुसार माघ महिनाको पहिलो दिन मनाइने तिलासंक्रान्ति पर्व सोमबार स्नान, जप, तप, ध्यान साधना, दान आदि गरी मनाइँदै छ।

सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने भएकाले माघ १ गतेलाई मकर संक्रान्ति पनि भनिन्छ। माघे संक्रान्ति अर्थात् तिलासंक्रान्तिको अवसरमा सरकारले सोमबार सार्वजनिक बिदा दिएको छ।

माघ १ गतेदेखि उत्तरायण शुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन्। उत्तरायण शुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ।

यसैले यस दिन गंगासागर, धनुष सागर, दुधमती नदी लगायतका स्थानमा स्नान गर्न भक्तजनको भीड लाग्छ। धनुषाधाममा मकर मेला समेत तिलासंक्रान्ति पर्व देखिनै शुरु हुने गरेको छ। माघ १ गतेलाई नहाय अर्थात् नुहाउने पर्वका रुपमा मनाउँछन्। बिहानै तीर्थस्थलमा गई स्नान गरेर तिल दान गर्नाले सुन दान गरे सरहको पुण्य प्राप्त हुने धार्मिक विश्वास छ।

धर्मसिन्धुमा तिलासंक्रान्तिको दिन घ्यू, चाकु, तिलका परिकार, खिचडी नखाने, दान नगर्ने, जलाशयमा गई स्नान नगर्ने, ध्यान नगर्ने व्यक्ति जीवनभर रोगी हुने उल्लेख गरिएको पंडित गणेश झाले जानकारी दिए। त्यसैले तिलासंक्रान्तिको दिन घ्यु, चाकु, तिलका लड्डु, खिचडी, सखरखण्ड, तरुल लगायतका परिकार खाने चलन छ। यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने गरिएको छ।

यस दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ। शरीरका नाडी, स्नायुमण्डल र हड्डीलाई तिलको तेल मालिसबाट सुदृढ र स्वस्थ राख्न सकिने आयुर्वेद शास्त्रीय मान्यता छ।



# मुख्यमन्त्री यादवद्वारा शुभकामना

टुडे समाचारदाता



जनकपुरधाम। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले तिलासंक्रान्तिको शुभकामना व्यक्त गरेका छन्। मुख्यमन्त्री यादवले आइतबार प्रेस विज्ञप्ति जारी गरी धार्मिक, आध्यात्मिक चेतनाको जागृति पर्व माघको पहिलो दिन तिलासंक्रान्तिको उपलक्ष्यमा सबैमा हार्दिक मंगलमय कामना व्यक्त गरेका छन्।

सूर्य धनु राशिबाट मकर राशि र उत्तरायणमा प्रवेश गर्ने यो पर्व ऋतु परिवर्तनको पनि पर्व रहेको बताउँदै उनले यस पर्वमा स्नान, दानको विशेष महत्व रहेको स्मरण गरेका छन्। उनले भने-'शास्त्रले यस दिनमा स्नान गर्दा चिना(कुंडली)को ग्रह दोष निवारण हुने विश्वास राख्दछ।'

मुख्यमन्त्री यादवले तिलको विशेष महत्व हुने यस दिनलाई तिला संक्रान्तिको संज्ञा दिएको उल्लेख गर्दै शारीरिक दृष्टिले घ्यू, चाकु, तिल, तरुल, खिचडीले शरीरलाई शुद्ध गरी ताकत दिने भएकोले यो वैज्ञानिक पर्व पनि रहेको बताएका छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८